# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको एउटा अभिन्न अङ्ग हो । शिक्षाको आवश्यकता व्यक्ति र समाज दुवैको सर्वाङ्गीण विकासको लागि आवश्यक पर्दछ । शिक्षाद्वारा मानवले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ । आफ्नो आचार विचार र रहनसहनमा परिवर्तन गर्दछ । शिक्षाद्वारा नै संसारको आर्थिक, वैज्ञानिक, सामाजिक, सांस्कृतिक तथा आध्यात्मिक उन्नति सम्भव छ (शर्मा, २०६१ : ३) । तसर्थ शिक्षा व्यक्ति, समाज र राष्ट्रका लागि महत्वपूर्ण पक्ष हो । नेपालको सन्दर्भलाई हेर्ने हो भने नयाँ नेपाल निर्माणको प्रमुख औजार शिक्षा हो (जनमुखी शिक्षा २०६३ : ६) । तसर्थ राष्ट्र विकास तथा नयाँ राष्ट्र निर्माण गर्न शिक्षामा नै जोड दिनुपर्छ । विभिन्न दातृ राष्ट्रहरूले गरिबी निवारण कार्यक्रमलाई लगानी गर्दा शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रभित्र राख्ने गरेको पाइन्छ ।

नेपालमा युगौंदेखि शिक्षा र साक्षरता भन्ने कुरा समाजका ठूला वर्ग, ठूला जाति र लैङ्गिक रूपमा पुरुषको पेवाका रूपमा रहँदै आए तापनि हाल "सबैको लागि शिक्षा" माथि विश्वको प्रयास तथा योगदानलाई साकार पार्न मुलुक पूर्ण रूपमा केन्द्रित रहेको छ । आधारभूत शिक्षा पाउनु आम जनताको नैसर्गिक अधिकार हो र हुनुपर्छ भन्ने मान्यता बमोजिम सबैका लागि शिक्षा सम्बन्धी विश्वव्यापी अभियान सुरु भएको हो । आधारभूत शिक्षाको निम्ति आवश्यक प्रावधान गर्ने मूल दायित्व पनि राज्यको हुनुपर्छ भन्ने विषय पनि सर्वमान्य भइसकेको छ ।

सन् २०१५ सम्ममा मुलुकमा 'सबैका लागि शिक्षा'को लक्ष्य हासिल गर्नका निम्ति प्रतिबद्ध रहेको र सोही अनुरूप वार्षिक तथा आवधिक योजनाहरू सम्पन्न गर्दै जाने सम्झौता पत्रमा हस्ताक्षर गरेपनि नेपालका करिब १४% विद्यालय जाने उमेरका बालबालिका विद्यालय जानबाट वञ्चित छन् अर्थात् नेपालका हरेक ५ मध्ये एकजना केटाकेटीहरू पुग्न पाएका छैनन् । देशको कुल जनसङ्ख्याका झण्डै आधा हिस्सा शिक्षाबाट वञ्चित छन् । उच्च तह तथा माथिल्लो कक्षामा विद्यार्थी सहभागिता न्यून र घट्दो क्रममा रहेको छ । सहभागि विद्यार्थीहरूमा पनि कक्षा दोहोऱ्याउने तथा बीचमा नै पढाई छोड्ने विद्यार्थीहरूको सङ्ख्या उच्च छ । नेपालमा शिक्षाका क्षेत्रमा यी र यस्ता समस्याहरू धेरै नै

रहेका छन् । यी आफैंमा समस्या होइनन् । नेपालको शिक्षा सुधार गर्न वा निर्दिष्ट लक्ष्यमा पुग्न बाधा पुऱ्याउने केही तत्वहरूमा देशको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक मूल्य र मान्यता तथा आर्थिक अवस्था प्रमुख रहेका छन् ।

शिक्षा क्षेत्रमा देखिएका समस्या, अवरोध, चुनौती तथा बाधा व्यवधानहरूलाई न्यूनिकरण गर्न तथा क्रमशः हटाउँदै लैजान सरकारी तथा गैह्र सरकारी दुवै पक्षबाबट विभिन्न प्रयासहरू गरिँदै आएका छन् । विभिन्न दातृ राष्ट्रहरूले पनि शैक्षिक क्षेत्रका समस्या समाधानमा ठूलो रकम तथा अन्य सुविधाहरू सहयोग गर्दै आएका छन् । प्रस्तुत मुद्दाहरूलाई सम्बोधन गर्नका लागि बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिने कार्यक्रम सबैभन्दा महत्वपूर्ण रणनीतिका रूपमा लिइएको छ ।

नेपालमा राणाकालीन अवधिदेखि नै शिक्षा लिनका लागि निश्चित रकम दिएर विभिन्न देशहरूमा अध्ययन गराउन पठाएको इतिहास पाइए तापनि छात्रवृत्तिको क्षेत्रमा खासै उल्लेख्य कार्य गरेको भने पाइँदैन । २००७ सालको राजनैतिक परिवर्तनपछि नेपालमा प्रजातन्त्रको उदय भयो । त्यसपछि शिक्षा विकासमा तीव्रता आएको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ ले दिएको रिपोर्टको आधारमा पढ्नका लागि राम्रो बौद्धिक क्षमता भएर पनि आर्थिक कठिनाईले पढ्न नसक्ने विद्यार्थीहरूलाई शिक्षाको अवसर एवम् सुविधाहरू प्रदान गरिएका आधारहरू भेटिन्छन् । जसमध्ये विभिन्न छात्रवृत्ति अन्तर्गत पढ्न जाने विद्यार्थीको सङ्ख्या ९९६ जना रहेको कुरा तेस्रो पञ्चवर्षीय योजना आयोगमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले पनि प्राथमिक तहमा अध्ययन गर्ने उमेर समूहका सबै विद्यार्थीहरूलाई शिक्षामा पहुँच पुऱ्याउन छात्रवृत्ति नीति अनुरूप दलित, उत्पीडित तथा पिछडिएका वर्गका लागि विशेष व्यवस्था गर्नुपर्ने सुझाव दिइएको पाइन्छ (शैक्षिक तथ्याङ्क, २०५३) । त्यसैगरी नवौं पञ्चवर्षीय योजना (०५४-०५९) को अवधि भरमा ६५ जिल्लामा प्राथमिक तहका छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम कोटाका आधारमा र १० दुर्गम जिल्लाहरूमा विद्यालयमा भर्ना भएका सम्पूर्ण छात्राहरूलाई प्राथमिक विद्यालय छात्रवृत्ति, स्थानीय छात्रवृत्ति, अपग्रेडिङ छात्रवृत्ति दिने व्यवस्था गरेको पाइन्छ (नवौं पञ्चवर्षीय योजना ०५४-०५९, ५८१) । आ.व. ०४७/०४८ मा आएर प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम देशका ६५ जिल्लामा लागु भएको पाइन्छ । त्यसैगरी शै.स. ०५२/०५३ देखि आर्थिक तथा सामाजिक रूपले पछि परेका जाति तथा समुदायका बालबालिकाहरूलाई समेट्ने उद्देश्यले देशका ७५ वटै जिल्लाहरूमा दलित छात्रवृत्ति

कार्यक्रम वितरण गरिदै आएको छ। यो कार्यक्रम हालसम्म पनि सञ्चालन भइरहेको पाइन्छ।

महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरी सकारात्मक विभेदन नीति अवलम्बन गर्ने कुरा नेपालको अन्तरिम संविधान २०६३, भाग ४ को राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा ३५ मा राज्यको नीति अन्तर्गत उपधारा ८ उल्लेख गरिएको छ। सामाजिक तथा आर्थिक रूपले पिछडिएका आदिवासी, जनजाति, मधेसी, दलित लगायत सीमान्तकृत समुदायका लागि शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारी व्यवस्था गर्ने कुरा धारा १० मा उल्लेख गरेको पाइन्छ।

हाल नेपालमा राष्ट्रिय स्तरमा ८ विभिन्न शीर्षकमा छात्रवृत्ति कार्यक्रम शिक्षा मन्त्रालयद्वारा वितरण गरेको पाइन्छ। ती ८ शीर्षकहरूमा आधारभूत विद्यालयका सबै छात्राहरूका लागि छात्रवृत्ति, प्राथमिक छात्रवृत्ति, दलित छात्रवृत्ति रहेका छन्। त्यस्तै अन्य छात्रवृत्तिहरूमा स्थानीय विद्यालय छात्रवृत्ति, क्याम्पस छात्रवृत्ति, छात्राहरूलाई कक्षा उन्नति छात्रवृत्ति, सहिदका छोराछोरीका लागि छात्रवृत्ति, अपाङ्ग बालबालिकाका लागि छात्रवृत्ति रहेका छन्। यी उल्लेखित कार्यक्रमहरू राष्ट्रिय स्तरमा सबै तहमा सञ्चालित कार्यक्रमहरू हुन्।

अन्य तहको तुलनामा आधारभूत तहमा छात्रवृत्ति कार्यक्रम व्यापक र बढी मात्रामा सञ्चालित छन्। आधारभूत तहमा शत्प्रतिशत छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, बुस्टर छात्रवृत्ति, सीमान्तकृत छात्रवृत्ति, अपाङ्ग बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालित छन्।

प्राथमिक तहमा बुस्टर छात्रवृत्ति कार्यक्रम पनि सञ्चालित छ। यो छात्रवृत्ति कार्यक्रमको मुख्य उद्देश्य विभिन्न कारणले परिवारको एकजना सदस्यले पनि प्राथमिक शिक्षा गर्न नसकेको परिवारबाट विद्यालयमा भर्ना हुन आउने पहिलो बालकलाई विद्यालयमा भर्ना गराई नियमित अध्ययन गराउनका लागि यो छात्रवृत्ति कार्यक्रम नेपालका ७५ वटै जिल्लामा शैक्षिक सत्र २०६१/०६२ देखि लागु गरिएको छ। यसरी वितरि प्राथमिक तहको हकमा प्रतिवर्ष प्रतिविद्यार्थी श्र. ५००, नि.मा.वि. तहमा रु. ७०० र मा.वि. तहमा रु. १००० का दरले उपलब्ध गराउने गरेको पायन्छ (कार्यक्रम कार्यान्वयन पुस्तिका २०६४)। त्यस्तैगरी सीमान्तकृत छात्रवृत्ति अन्य कुनै छात्रवृत्ति नपाएका र वितरण गर्दाको समय विद्यालय

खुलेको कम्तीमा ७०% हाजिरी भएका माझी, धानुक लगायतका २२ जातिका बालबालिकाहरूलाई प्रदान गर्ने गरिन्छ । यो छात्रवृत्ति वार्षिक रु. ४९० का दरले प्रदान गर्ने गरिन्छ ।

अपाङ्ग बालबालिकाहरूलाई अध्ययनको अवसरमा अभिवृद्धि गर्न र सिकाइमा गुणस्तर कायम गर्न अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था छ । अपाङ्ग बालबालिकाको वैयक्तिक अवस्था, विद्यालयसम्मको पहुँच आदिलाई आधार मानी विभिन्न श्रेणीमा विभाजन गरी छात्रवृत्ति वितरण गर्ने गरिन्छ । अपाङ्ग छात्रवृत्ति आधारभूत तहमा वार्षिक रु. ५०० का दरले मा.वि.तहमा वार्षिक रु. १००० का दरले प्रदान गरिन्छ (कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६) ।

वर्तमान स्थितिमा नेपालमा छात्रवृत्ति कार्यक्रमको क्षेत्र अझ बृहत र व्यापक बन्दै गएको छ । नेपालको अन्तरिम संविधान २०६३ मा प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै शिक्षामा राज्यको दायित्व अन्तर्गत शिक्षाका आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग तथा समुदायहरूको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ भनी उल्लेख गरेको पाइन्छ । आ.व. २०६७/०६८ मा पनि सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययनरत बालिका दलित र अति सिमान्तकृत सबै बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था मिलाइएको छ ।

यसरी पृथ्वीनारायण शाहको पालाबाट अनौपचारिक रूपमा सुरुवात भएको छात्रवृत्ति कार्यक्रम हाल औपचारिक र संस्थागत हुँदै व्यापक रूपमा सञ्चालित छ । आधारभूत तह (१-८) तथा माध्यमिक तह (९-१०) समेत पूर्ण रूपमा निःशुल्क गर्नुका साथै विद्यार्थीहरूलाई पाठ्यपुस्तक पनि निःशुल्क वितरण गरिदै आएको छ । आर्थिक कारणबाट कसैले शिक्षा लिन वञ्चित हुन नपरोस् भन्नका खातिर छात्राहरू दलित र पिछडिएका तथा सीमान्तकृत वर्गका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालित छन् । विद्यालय जान प्रोत्साहन गर्न त भर्ना भएकाहरूलाई विद्यालयमा टिकाइ राख्न यी कार्यक्रमको वर्तमान स्थिति कस्तो छ, शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ, अपेक्षित लक्ष्य हासिल गर्न सञ्चालित कार्यक्रमहरूले सहयोग गरेको छ, छैन आदि क्षेत्रहरू समेटी समग्र आधारभूत तहको छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थितिलाई अध्ययनको रूपमा लिइएको छ ।

## १.२ समस्याको कथन

आधारभूत शिक्षालाई नैसर्गिक अधिकारको रूपमा अगाडि सारिए तापनि सबै विद्यालय उमेरका बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच पुगेको छैन र जति बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन्। ती सबै बालबालिकाहरूको टिकाउ दर शतप्रतिशत छैन। सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा सम्पन्न 'सबैका लागि शिक्षा' नामको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले पनि भाग लिई २००० सम्ममा प्राथमिक उमेरका सबै बालबालिकाहरूलाई प्राथमिक शिक्षाको समान अवसर उपलब्ध गराउने भनी प्रतिबद्धता गरेको पाइन्छ। उक्त सम्मेलनको मान्यता समाजमा हरेक वर्ग, तह र समुदायका बालबालिकाहरूलाई समय अनुकुल शिक्षा दिएर भविष्यका लागि तयार गर्दै लानुपर्दछ भन्ने रहेको पाइन्छ।

दलित बालबालिकाहरूको शैक्षिक अवस्थादाई हेर्दा अरूको तुलनामा ज्यादै न्यून रहेको पाइन्छ। दलित बालबालिकाहरू, पिछडिएको वर्गमा रहेको पाइन्छ। आर्थिक तथा सामाजिक रूपले पछि परेका दलित समुदायका बालबालिकाहरूको सहभागिता उच्च गराउन आ.व. २०४७/२०४८ देखि प्राथमिक छत्रवृत्ति कार्यक्रम सञ्चालन भएको पाइन्छ। आ.व. २०५२/०५३ देखि दलित परिवारका सबै बालबालिकाहरूका लागि छात्रवृत्ति उपलब्ध गराउनका लागि छुट्टै दलित छात्रवृत्तिको व्यवस्था भएको पाइन्छ। नवौ पञ्चवर्षीय योजना (२०५४-०५९) देखि छात्रवत्ति कार्यक्रम अरू व्यवस्थित र व्यापक भएको पाइन्छ। त्यस्तै २०६२ सालदेखि प्रा.वि. तहमा छात्रवृत्ति रकम वृद्धि गरेको पाइन्छ।

दलित समुदायका बालबालिकाहरूको सिकाइ स्तर के कस्तो छ ? दलित छात्रवृत्ति कार्यक्रमले सिकाइस्तरमा कस्तो प्रभाव पार्दछ ? छात्रवृत्ति पाउने र नपाउने बालबालिकाबीच सिकाइ उपलब्धीको अन्तर र छात्रवृत्ति कार्यक्रम कार्यान्वयनका समस्याहरू आदि कुराहरूको अध्ययन गर्न आवश्यक भएकाले यो शीर्षक छनौट गरिएको छ। यसरी सञ्चालित कार्यक्रमका सकारात्मक पक्षहरू हुँदाहुँदै पनि केही समस्याहरू रहेका छन्। छात्रवृत्ति कार्यक्रमले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्दछ ? छात्रवृत्ति कार्यक्रम लक्षित समूहसम्म पुगेको छ, छैन ? सञ्चालित कार्यक्रमले अपेक्षित लक्ष्य हासिल गरेको छ, छैन ? छात्तवृत्ति कार्यक्रम प्रभावकारी छ, छैन ? छात्रवृत्तिको कारणले उब्जाएका समस्याहरूका

समाधानका के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला जस्ता प्रश्नको खोजी यस अध्ययनले गर्नेछ ।

आर्थिक तथा सामाजिक रूपले पछि परेका वर्ग, जाति तथा समुदायका बालबालिकाहरूको सहभागिता उच्च गराउन आ.व. २०४७/०४८ देखि प्राथमिक छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको पाइन्छ । २०६२ सालदेखि प्राथमिक तहमा छात्रवृत्ति रकम वृद्धि गरेको पाइन्छ । शिक्षा नियमावली २०५९ ले विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई क्रमशः शतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्ने कुरा उल्लेख छ ।

यसरी सुरुवातमा बौद्धिक क्षमताका आधारमा मात्र प्रदान गरिँदै आएको छात्रवृत्ति हाल व्यापक हुँदै लैङ्गिक जातीय, अपाङ्गता आदिको आधारमा समेत प्रदान गरिँदै आएको छ । यसको क्षेत्र र प्रभाव व्यापक बन्दै गएको छ । यसको व्यापकतासँगै यस कार्यक्रम जुन समूह र उद्देश्यका लागि प्रदान गरिएको हो उक्त समूहसम्म नपुग्ने उद्देश्य अनुरूप वितरण नगरिने समस्याहरू पनि यसभित्र भित्रिएको पाइन्छ । राज्यले कार्यक्रमलाई व्यापक बनाउँदै गएपनि व्यवस्थित तथा प्रभावकारी वितरण भएको छ, छैन अथवा हाल छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थितिको अनुगमनमा भने खासै ध्यान पुऱ्याउन सकिएको छैन । छात्रवृत्ति कार्यक्रम समयमा नै सम्बन्धित समूहमा पुऱ्याउन नसकिएको गुनासोहरू आएका छन् । त्यसैगरी छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हो । छुट्याउने स्पष्ट आधार नभएको कुरा सम्बन्धित अनुसन्धान गर्ने विभिन्न प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । छात्रवृत्ति कार्यक्रम समयमा उपलब्ध नगराउँदा शिक्षण सिकाइमा प्रभाव पारेको हुन्छ ।

## १.३ अध्ययनको औचित्य

आर्थिक तथा सामाजिक कारणले समाजमा पछि परेका वर्ग र जाति समुदायका बालबालिकाहरूलाई शिक्षाप्रति अभिप्रेरित गर्न तथा विद्यालयमा शिक्षण सिकाइमा सहभागि हुन छात्रवृत्ति कार्यक्रमले मद्दत गर्नेछ । राज्यले ठूलो रकम छात्रवृत्ति कार्यक्रममा खर्चिएको भए तापनि उक्त रकमको सही रूपबाट परिचालन भइरहेको छ छैन भन्ने विषयमा अनुगमन गर्ने तथा वितरण गर्दा कुन प्रक्रियाबाट वितरण गर्ने गरेको छ भन्ने विषयमा स्पष्ट नीति देखिँदैन । त्यसैले यस अध्ययनले छात्रवृत्तिको क्षेत्रमा तथा यसको वर्तमान स्थितिको बारेमा खोज गरिने हुँदा छात्रवृत्ति सम्बन्धी कार्यक्रम तर्जुमा गर्न

सरोकारवालाहरूलाई मद्दत गर्नेछ । यो अध्ययनबाट भविष्यमा यस क्षेत्रका विद्यालयहरूका बारेमा सम्बन्धित विषयमा जान्न चाहने संघसंस्थाहरूलाई समेत सहयोग मिल्नेछ ।

दलित समुदायका बादबालिकाहरू विभिन्न पक्षबाट पछाडि परेका छन् । तिनीहरू अहिले पनि राज्यको मूल प्रवाहबाट वञ्चित छन् । राज्यको मूल प्रवाहमा अझै समेटिन नसकेको राज्यको साधन र स्रोतमा पहुँच नपुगेका राज्यको हक अधिकार र सुविधाबाट वञ्चित दलित समुदायका बालबालिकाहरूलाई प्राथमिकताको सूचीमा राखी उनीहरूको उत्थान र विकासका लागि आवश्यक योजना तर्जुमा गरेर लगानी गरी कार्यान्वयन गर्नु नितान्त आवश्यक देखिन्छ ।

पिछडिएको वर्गमा पर्ने दलित समुदायका बालबालिकाहरू सम्बन्धी अध्ययनले उनीहरूको सिकाइ स्तरमा वृद्धि गर्न छात्रवृत्तिको प्रभावकारी कार्यान्वयन गरी लागू गर्न, शिक्षक अभिभावक, सरकारी तथा गैर सरकारी संघसंस्थालाई सहयोग गरेको छ । साथै यस अध्ययनबाट प्राप्त उपलब्धिले दलित समुदायका बालबालिकाहरूलाई विद्यालयमा नियमित उपस्थिति, उत्प्रेरणा जगाउने उपाय आधार निर्माणमा सहयोग गर्दछ । त्यसैगरी यी बालबालिकाको न्यून सहभागिता र कमजोर उपलब्धि दरलाई घटाउने छात्रवृत्ति कार्यक्रममा लगानीका लागि सरकारी तथा गैरसरकारी निकायलाई ध्यान आकर्षण गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनले छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थितिका बारेमा जानकारी राख्न चाहने जो कोहीका लागि पनि सहयोगी हुनेछ । साथै सम्बन्धित क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीलाई पनि यो अध्ययन पथप्रदर्शक हुनेछ । छात्रवृत्ति कार्यक्रम विद्यालय तहमा के कति लागू भएको छ वा छैन त्यसको वर्तमान स्थितिको जानकारी प्राप्त गर्न सरोकारवालाहरूलाई सहयोग पुग्नेछ । साथै छात्रवृत्ति कार्यक्रमको अध्ययन गर्न चाहने व्यक्तिहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने छ । त्यसका साथै यो अध्ययन अनुसन्धानले सरकारी गैह्रसरकारी संस्था, स्थानीय निकाय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थालाई समेत सम्बन्धित शीर्षकमा आवश्यक नीति बनाई कार्यान्वयन गर्न सहयोग मिल्ने छ ।

यस अनुसन्धानबाट निकालिएको निष्कर्षले पिछडिएका वर्ग, आर्थिक रूपले विपन्न, छात्राहरूको विद्यालयमा सहभागिता गराउन, छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यनति

तर्जुमा गर्न मद्दत मिल्नेछ । साथै छात्रवृत्तिको कारणले उब्जाएका समस्याहरूको खोजी गर्ने र त्यस्ता समस्याहरूको उपायहरू समेत सुझाउने हुँदा छात्रवृत्ति कार्यक्रमभित्रका कमजोरी हटाउन यस अध्ययनले सहयोग पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य आधारभूत तहको छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्नु हुनेछ भने विशिष्ट उद्देश्यहरू निम्नलिखित हुनेछन् :

क) छात्रवृत्ति कार्यक्रमको आवश्यकता पहिचान गर्नु,

ख) छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन र प्रभावकारिताको पहिचान गर्नु,

ग) छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरू बीच सिकाइ उपलब्धिको तुलना गर्नु,

घ) छात्रवृत्तिको कारणले उब्जाएका समस्याका समाधानका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धात्मक प्रश्नहरू

यो अध्ययन निम्नलिखित प्रश्नहरूको जवाफ खोजी गर्नमा केन्द्रित हुनेछ :

क) छात्रवृत्ति वितरणका आधारहरू के के हुन् ?

ख) छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरूको उपलब्धि र उपस्थितिमा कस्तो प्रभाव पारेको छ ?

ग) छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू के के हुन् ?

घ) छात्रवृत्ति कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको सीमितताभित्र भौगोलिक सीमा, जनसङ्ख्या र विषयगत क्षेत्र आदि समेटिएको हुन्छन् । यस अध्ययनमा पनि भौगोलिक सीमाभित्र बाह्रदशी गाउँपालिकाभित्र रहेका विद्यालयहरूमध्येका ३ वटा विद्यालयहरूलाई समेटेर तयार पारिएको छ । अध्ययनको जनसङ्ख्याको रूपमा सम्बन्धित विद्यालयका विद्यार्थीहरू, शिक्षक, अभिभावक तथा वि.व्य.स. पदाधिकारीहरू मात्र रहेका छन् । नमुना जनसङ्ख्याको रूपमा

रहने विद्यार्थीहरू कक्षा ४ र ५ बाट मात्र गरिएका छन् । छनोटमा परेका विद्यालयहरू नि.मा.वि., मा.वि. र उ.मा.वि. भएपनि आधारभूत तहको छात्रवृत्तिको बारेमा मात्र अध्ययन केन्द्रित रहेको छ ।

शैक्षिक क्षेत्रमा अध्ययन गर्नुपर्ने विभिन्न पक्षहरू हुन सक्छन् । ती विभिन्न पक्षहरू मध्ये यो अध्ययन छात्रवृत्ति कार्यक्रममा मात्र सीमित छ । छात्रवृत्ति कार्यक्रम विभिन्न शीर्षकहरूमा सञ्चालित छन् । यद्यपि यो अध्ययन आधारभूत तहको दलित छात्रवृत्ति सम्बन्धमा केन्द्रित रहेको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनैपनि खोज तथा अनुसन्धानलाई व्यवस्थित रूपमा सञ्चालन गरी सही निष्कर्ष निकाल्न सम्बन्धित क्षेत्रमा गरेका तथा सामग्रीहरूले आधार प्रदान गर्दछ। यस्ता अध्ययनले आफ्नो विषयवस्तुमा विगतमा आएका अध्ययन अनुसन्धानहरू र अध्ययन गरिनुपर्ने क्षेत्रको बारेमा जानकारी प्रदान गर्दछ। तसर्थ यहाँ केही सैद्धान्तिक खाका र पूर्व साहित्यको पुनरावलोकन गरिनेछ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

जेहेन्दार विद्यार्थी हुँदाहुँदै पनि गरिबका कारण पढाई छोड्नु नपरोस्, पढाइलाई सहयोग होस् धनी नेपाल सरकारले जि.शि.का.बाट प्रदान गर्ने रकमलाई औपचारिक छात्रवृत्ति भनिन्छ भने यस्ता विद्यार्थीहरू नेपाल सरकारले वितरण गरेको छात्रवृत्ति कोटामा नपरेर छात्रवृत्ति नपाए तापनि आर्थिक कारणले पढ्नबाट वञ्चित हुन नपरोस् भनी स्थानीय वा विद्यालय स्तरबाट प्रदान गरिने छात्रवृत्ति अनौपचारिक छात्रवृत्ति हो (वाग्ले तथा कार्की : २०५४, १४६)।

नेपालमा नेपाल सरकारले, स्थानीय स्तरबाट सम्बन्धित विद्यालयहरूले, कुनै समयमा अन्तर्राष्ट्रिय संघसंस्थाले पनि छात्रवृत्ति प्रदान गर्दै आएको पाइन्छ। संस्थागत विद्यालयहरूले पनि कुल विद्यार्थी सङ्ख्याको १०% नघटाई जेहेन्दार, गरिब, दलित तथा अपाङ्गलाई छात्रवृत्ति प्रदान गर्नुपर्छ भनी नियमावलीमा नै उल्लेख गरेको छ। अन्तरिम संविधानमा शिक्षा तथा संस्कृति सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। त्यस्तै शिक्षामा राज्यको दायित्व अन्तर्गत शिक्षामा आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग तथा सामुदायका उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ। यसबाट राज्यले छात्रवृत्तिको क्षेत्रमा ध्यान पुऱ्याउन थालेको देखिन्छ।

शिक्षा प्रदान गर्नु राज्यको दातियत्व भनी संविधानमा नै उल्लेख भएपछि लक्षित वर्गलाई शिक्षामा पहुँचको स्थितिसम्म ल्याइपुऱ्याउने दायित्व पनि राज्यको नै हो। दलित महिला अल्पसङ्ख्यक आदि लक्षितवर्गलाई शिक्षा लिने अवसर प्रदान गर्न नसक्नुको कारण आर्थिक नै हो भन्न सकिन्छ। तसर्थ राज्यले लिएको नीति कार्यान्वयनका लागि छात्रवृत्ति कार्यक्रम एक प्रमुख आधार हो भन्न सकिन्छ।

ग्रामीण भागमा प्राथमिक विद्यालय छाड्ने अवस्था र प्रमुख कारक तत्वहरूमा अशिक्षित, कमजोर, आर्थिक अवस्था, कृषि पेशामा संलग्न, मजदुरी पेशा र ठूलो परिवार रहेका छन् । दलित जातिका बालबालिकाहरूको विद्यालय छाड्ने दरमा वृद्धि भइरहेको, विद्यालय छाड्ने प्रमुख कारणमा आर्थिक र अभिभावकको चेतनासँग प्रत्यक्ष सम्बन्ध रहेको कुरा उल्लेख भएको छ । उक्त प्रतिवेदनले ग्रामीण एवम् विपन्न वर्गका वा सुविधाविहीन सङ्ख्याका अधिकांश बालबालिका आर्थिक कारणले शिक्षाको उज्यालोबाट वञ्चित भएको कुरा उल्लेख छ ।

छात्रवृत्तिको क्षेत्रमा विभिन्न किसिमका अध्ययन तथा अनुसन्धानहरू गरेको पाइन्छ । गरिएका विभिन्न अनुसन्धानहरूले छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको क्षेत्रमा विभिन्न समस्याहरू रहेको कुरा खुलाएका छन् । अधिकांश अनुसन्धानहरूले यसको प्रभावकारितामा यसको कार्यान्वयन पक्षले असर पारेको कुरा उल्लेख गरेका छन् ।

छात्र तथा सुविधाविहिन समुदाय दलित जातिका छात्रछात्राहरूलाई लक्षित गरी सञ्चालन गरिएका छात्रवृत्ति तथा सहभागि गराउन प्रेरक गर्ने विभिन्न कार्यक्रमको परियोजनाका प्रभावकारिताको व्याख्या विश्लेषण एवम् यस्ता कार्यक्रमले समुदायमा पारेको प्रभावका सम्बन्धमा विश्लेषण गरिएको छ (दलित छात्रवृत्ति प्रभावकारिता अध्ययन प्रतिवेदन २०५६) को विवेचना गर्ने उक्त प्रतिवेदनमा विद्यालयमा अध्ययनरत दलित बालबालिकाले छात्रवृत्ति पाएका साथै विद्यालयमा भर्ना नभएका वा विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई आकर्षित गर्न कार्यक्रमको सहयोग हुने उल्लेख छ ।

अनुगमन तथा मूल्याङ्कन शाखाले दलित छात्रवृत्तिको प्रभावकारिताका बारेमा एक अध्ययन गरेको थियो । उक्त अध्ययन दलित समुदायको आवश्यकताहरू पहिचान गर्न दलित छात्रवृत्तिको प्रभावकारिताको अध्ययन गर्न र भविष्यमा अपनाउनुपर्ने रणनीतिमा पहिचान गर्न गरिएको थियो । उक्त प्रतिवेदनका अनुसार दलित छात्रवृत्तिको वितरणमा प्रमुख समस्या रहेको कुरा दर्शाइएको थियो । ढिलो वितरण गर्ने, कोटा प्रणाली वा आधारमा वितरण गर्ने तथा विद्यार्थीहरूको बारेमा ढिलो मात्र जानकारी प्राप्त हुने जस्ता समस्याहरू औँल्याएको थियो । उक्त प्रतिवेदन अनुसार गा.वि.स. तथा नगरपालिकारुमा विद्यालय उमेरमा कति बालबालिका समुदायमा छन् भन्ने कुराको यकिन तथ्याङ्क लिनुपर्ने कुरा सुझाएको छ । सम्पूर्ण दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरी शिक्षा लिने अवसर प्रदान दिने समुदाय विद्यालय तथा जिल्लासँग समन्वय गरी स्थानीय छात्रवृत्ति कोष स्थापना

गरी विद्यालयसम्म आइ नपुगेका दलित बालबालिकाहरूलाई पनि छात्रवृत्ति दिई विद्यालयमा आउने वातावरण मिलाउनु अत्यावश्यक रहेको कुरा उल्लेख छ। दलित समुदायका लागि छुट्टै कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको कुरा उल्लेख छ।

देशभरका प्राथमिक तहमा अध्ययनरत छात्राहरूलाई कोटाको आधारमा छात्रवृत्ति वितरण गरिन्छ। महिला शिक्षाका लागि गरिएका प्रयासहरूको पहिचान र उपयोगिता हेर्न गरिएको उक्त अध्ययनका अनुसार छोरालाई विद्यालय पढाउन तयार हुने अभिभावक छोरीलाई भने गरिबीको कारण देखाई विद्यालय पठाउँदैनन्। छोरीलाई पनि विद्यालयमा पढ्न पठाई छोरा सरह शिक्षा दिलाउन समान अवसर प्राप्त होस् भन्ने अभिभावकलाई उत्प्रेरणा होस् भनी नेपाल सरकारले यस किसिमको कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ। छात्रवृत्ति देशभरका आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएका गरिब तथा जेहेन्दार छात्राहरूलाई यस किसिमको छात्रवृत्तिको कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ। (रेग्मी, ढकाल र दीक्षित, २०५३)।

छात्रवृत्ति रकम दामासाही रूपमा बाँडेर दिने परिपाटी रोकेर लक्षित समूहलाई नै पूरै छात्रवृत्ति प्रदान गरिनु पर्ने, छात्रवृत्ति रकमको दुरूपयोग हुने सम्भावनालाई रोक्न विद्यालय नै प्राप्त रकमबाट शैक्षिक सामग्री खरिद गरी वितरण गर्नुपर्ने तथा स्थानीय स्तरमा पनि छात्रवृत्ति कोटाको स्थापना गरी राज्यले दिएको शीर्षकबाट नसमेटिएका तर आवश्यकता भएका विद्यार्थीहरूलाई गा.वि.स., न.पा. तथा विद्यालयको आफ्नै कोषबाट छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने। अभिभावक भेलाको आयोजना गरी छात्रवृत्तिको रकमको सदुपयोगको बारेमा जानकारी दिनुपर्ने देखिन्छ। (साहु, २०७३)।

विद्यालय तहमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थिति, संस्थागत विद्यालयहरूमा छात्रवृत्ति कार्यक्रमको अवस्था जस्ता पक्षमा अनुसन्धान गर्नाले तथा छात्रवृत्ति कार्यक्रममा लक्षित समूहहरूको पहुँचको स्थितिको बारेमा अध्ययन गर्दाले यस कार्यक्रमको बारेमा अझ विस्तृत रूपमा थाहा पाउन सकिन्छ। स्थानीय निकायहरूले छात्रवृत्ति कार्यक्रमको लागि चालेका प्रयासहरू, विद्यालयमा संचालित दलित छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थिति, विद्यालयमा वालवालिकाहरूको सहभागिता वृद्धि गर्न संचालित प्रोत्साहन कार्यक्रमहरूको अवस्था र उच्च माध्यमिक तहमा छात्रवृत्ति कार्यक्रमको अवस्था जस्ता

पक्षहरूमा अध्ययन अनुसन्धान गरे राम्रो हुने सुझाव अनुसन्धान तहलाई दिन सकिन्छ (भण्डारी, २०६८) ।

यसरी उपयुक्त अध्ययनहरूलाई सङ्क्षेपमा हेर्दा दलित तथा पिछडिएका वर्गको शिक्षामा छात्रवृत्ति कार्यक्रमको भूमिका राम्रो देखिन्छ। विशेष गरी यस्ता विभिन्न अध्ययनहरूले के देखाएको छ भने बालबालिकाको परिवार आर्थिक अवस्था, सामाजिक अवस्था र अभिभावकको चेतना स्तर आदि कुराहरूले बालबालिकाको विद्यालय शिक्षामा पहुँच अवस्था निर्धारण गरिरहेको देखिन्छ। यसलाई छात्रवृत्ति कार्यक्रमले केही हदसम्म निरुत्साहित गरेको छ किनभने छात्रवृत्तिले गर्दा दलित तथा पिछडिएका वर्ग एवम् गरिब छात्रछात्राहरूलाई विद्यालयमा नियमित गराइराख्न र पढाइमा पनि सहयोग गरेको पाइन्छ ।


## २.२ अध्ययनको सैद्धान्तिक खाका

पाउलो फ्रेरेको उत्पीडनका लागि शिक्षालाई यस अध्ययनको सैद्धान्तिक खाकाको रूपमा लिइएको छ। उनले सन् १९६७ मा प्रकाशन गरेको पुस्तक 'उत्पीडनका लागि शिक्षा'मा शिक्षा उत्पीडनको सिर्जना हो भनेका छन्। अहिलेको शिक्षाले उत्पीडनको हित गर्दैन, तिनीहरूलाई शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरेका छन्। उनले आफ्नो पुस्तकमा छात्रवृत्तिले सहयोग गरेका कारणले गर्दा गरिब तथा जेहेन्दार बालबालिकाले आर्थिक कारणले पढ्नबाट बन्देज हुन नपरेको कुरा उल्लेख छ। उनका अनुसार उत्पीडनलाई उकास्ने अनेक तरिका हुन्छन् र तिनीहरूलाई समान अवसर दिनु पर्दछ। उनीहरूलाई आर्थिक, राजनैतिक, सामाजिक, मानसिक, सांस्कृतिक रूपले सचेत बनाउन शिक्षाको आवश्यकता पर्दछ। शिक्षाबाट वञ्चित हुन नदिन गरिब तथा जेहेन्दारलाई छात्रवृत्ति दिएर शिक्षा लिनबाट वञ्चित हुन नदिए शिक्षा प्राप्तिको समान अवसर प्राप्त हुन सक्छ। शिक्षा भनेको शक्ति हो जसबाट नै उनीहरूमा परिवर्तन आउँछ। प्रत्येक बालबालिकाहरूको अन्तरनिहित प्रतिभा, रुचि र आकाङ्क्षालाई उकास्न र सघाउ पुऱ्याउन शैक्षिक वातावरणको सिर्जना गर्नुपर्दछ।

यस अध्ययनमा थर्नडाइक (१९८८) को प्रभाव र यस अध्ययनको सहायक सिद्धान्तको रूपमा लिइएको छ। प्रभावको नियमले कुनै उद्धिपकप्रति प्रणालीले प्रतिक्रिया गरे पश्चात त्यसबाट उसले प्राप्त गर्ने सुखद वा दुःखत अनुभूतिलाई जनाउँछ। प्राणीले सुखद वा आनन्द प्राप्त गरेमा त्यो काम पूर्ण गर्न चाहन्छ। त्यसको विपरीत दुःखत अनुभूति भएमा त्यो प्रतिक्रिया गर्न छाड्छ भनेर थर्नडाइडको प्रभाव वा असरको नियमले भनेजस्तो

प्राथमिक तहमा गरिब तथा जेहेन्दार छात्रवृत्ति वितरणले पनि त्यस्तै प्रभाव पारी बालबालिकाहरूको भर्ना सङ्ख्यामा वृद्धि, नियमितता, उत्तीर्णदर वृद्धि, लगनशीलतामा वृद्धि गर्दछ। सकारात्मक व्यक्तिलाई सुखद अनुभूति प्रदान गर्ने हुँदा व्यक्ति त्यसबाट उम्कन चाहन्छ। त्यसकारण बालबालिकाहरूलाई छात्रवृत्तिले सकारात्मक समलम्वन गराई सुखद अनुभूति प्रदान गर्ने हुँदा बालबालिका अनुशासित हुने, नियमित विद्यालय आउने, पढाइप्रति लगनशील हुने क्रियाकलापमा वृद्धि हुन्छ।

त्यसैगरी १९४३ मा अमेरिकाली प्रसिद्ध मनोवैज्ञानिक अब्राहम मास्लोद्वारा प्रतिपादित मानवका आवश्यकता शृङ्खला नामक उत्प्रेरण सम्बन्धी सिद्धान्तले मानवीय आवश्यकत ार सम्बन्धलाई जोड दिएको छ। मानिसका प्रशस्त इच्छा, चाहना र आवश्यकताहरू हुन्छन्। कुनै एक चाहना, आवश्यकता पूरा हुनासाथ अर्को तहको आवश्यकता महसुस भइरहन्छ। उनका अनुसार मानिसलाई काममा उत्प्रेरित गर्ने तत्व नै आवश्यकता हो र उक्त आवश्यकता पूरा गनृ मानिस काममा क्रियाशील हुन्छ भन्ने चिन्तनलाई मास्लोले यस सिद्धान्तमा उठान गरेका छन्। यस सिद्धान्तमा मानवीय आवश्यकतालाई पाँच चरणमा विभाजित गरेका छन्। उनका अनुसार पहिलो चरणको आवश्यकता पूरा हुनासाथ अर्को चरणको आवश्यकता हुने गर्दछ।




यस सिद्धान्तले पहिलो चरणमा गाँस, बाँस, कपास र सुरक्षाको आवश्यकता महसुस गरेकाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र तीनका अभिभावक यिनै आधारभूत आवयकताले छटपटाइरहेको देखिन्छ। यसरी मानिसको पहिलो आवश्यकता पूरा गर्नका लागि आम्दानीको सम्पूर्ण हिस्सा यसैमा खर्च हुने गर्दछ। त्यसैले यसले अध्ययन गर्ने विद्यार्थीका लागि आवश्यकता पर्ने कापी, कलम, पेन्सिल, पोसाकको व्यवस्था गर्न नसकी विद्यालयमा सहभागिता कम हुन जान्छ भने अर्कोतिर विद्यालय छाड्ने दर बढ्न जान्छ।

अतः छात्रवृत्तिले विद्यार्थीलाई विद्यालय जानमा उत्प्रेरणा प्रदान गर्ने भएकाले मास्लोको यस सिद्धान्त शोकसँग निकट र सम्बन्धित रहेको देखिन्छ ।

छात्रवृत्ति कार्यक्रम विशेष गरी प्राथमिक तहमा बढी प्राथमिकताका साथ लागु गरिएको छ । नेपालमा प्राथमिक तहको शिक्षा सबैलाई दिलाउने लक्ष्य अनुरूप आर्थिक अभावबाट शिक्षा लिनबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्य अनुरूप यो कार्यक्रम सञ्चालित छ । यसरी सञ्चालित कार्यक्रमले शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई लेखाजोखा गर्न यो अध्ययनले सहयोग पुऱ्याउनेछ । सञ्चालन गरिएको कार्यक्रम लक्षित वर्गसम्म पुगेको छ, छैन ? कार्यक्रम समयमा नै सञ्चालित छ, छैन ? छात्रवृत्ति कार्यक्रम जुन प्रयोजनका लागि सञ्चालन गरिएको हो उक्त प्रयोजन विपरीत रकम खर्च भएको छ, छैन ? आदि समग्र छात्रवृत्तिको वर्तमान स्थितिको अध्ययन गरिने हुँदा यस अध्ययनले छात्रवृत्ति कार्यक्रम समयमा नै सञ्चालन गर्न, लक्षित वर्गसम्म पुऱ्याउन र सही प्रयोग गर्न सम्बन्धित सबैलाई यस अध्ययनले घचघच्याई शैक्षिक प्रभावकारिता बढाउन समेत मद्दत गर्नेछ ।

## २.३ शैक्षिक उपादेयता

शिक्षा लिन पाउनु बालबालिकाको अधिकार हो । कुनै पनि कारणले शिक्षा लिनबाट वञ्चित हुन हुँदैन । आर्थिक कारणले शिक्षा लिनबाट वञ्चित बालबालिकालाई छात्रवृत्ति कार्यक्रमले शिक्षा प्राप्तिका लागि सहयोग गर्नुपर्दछ । छात्रवृत्ति कार्यक्रम विशेष गरी प्राथमिक तहमा बढी प्राथमिकताका साथ लागु गरिएको छ । नेपालमा प्राथमिक तहको शिक्षा सबैलाई दिलाउने लक्ष्य अनुरूप आर्थिक अभावबाट शिक्षा लिनबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्य अनुरूप यो कार्यक्रम सञ्चालित छ । यसरी सञ्चालित कार्यक्रमले शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई लेखाजोखा गर्न यो अध्ययनले सहयोग पुऱ्याउने छ । सञ्चालन गरिएको कार्यक्रम लक्षित वर्गसम्म पुगेको छ, छैन ? कार्यक्रम समयमा नै सञ्चालित छ, छैन ? छात्रवृत्ति कार्यक्रम जुन प्रयोजनका लागि सञ्चालन गरिएको हो उक्त प्रयोजनमा विपरीत रकम खर्च भएको छ, छैन ? आदि समग्र छात्रवृत्तिको वर्तमान स्थितिको अध्ययन गरिने हुँदा यस अध्ययनले छात्रवृत्ति कार्यक्रम समयमा नै सञ्चालन गर्न, लक्षित वर्गसम्म पुऱ्याउन र सही प्रयोग गर्न सम्बन्धित सबैलाई यस अध्ययनले घचघच्चाई शैक्षिक प्रभावकारिता बढाउन समेत मद्दत गर्नेछ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि कार्य वा विषय अध्ययन वा अनुसन्धान गर्ने क्रममा विभिन्न ढाँचा र विधिहरू अवलम्वन गर्नुपर्ने हुन्छ। त्यस्ता विधिले अनुसन्धानलाई सजिलो ढङ्गले सु-सम्पन्न गर्न सहयोग पुऱ्याउँछ। प्रस्तावित अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदैछ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण शोधप्रस्ताव लेखनका क्रममा सबैभन्दा महत्वपूर्ण मानिन्छ। त्यसकारण अनुसन्धान कार्य सम्पन्न गर्नका लागि पनि अनुसन्धान विधिहरूको पूर्व निर्धारण गर्न जरुरी हुन्छ। यस अध्ययनमा गुणात्मक र परिमाणात्मक विधिको चयन गरी तथ्य, तथ्याङ्क एवम् जानकारी सङ्कलन कार्यका लागि प्रश्नावली एवम् अवलोकन फारमको प्रयोग गरिएको थियो। ती प्राप्त तथ्य तथ्याङ्क जानकारी तथा प्रतिक्रियाहरूलाई आवश्यकता अनुसार गुणात्मक ता परिमाणात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

झापा जिल्लाको राजगढ स्रोतकेन्द्रका सामुदायिक विद्यालयमा आधारभूत तहको छात्रवृत्ति वितरण प्रक्रियासम्बन्धी प्राथमिक तथा द्वितीयक तथ्याङ्कलाई आधारमानी गुणात्मक तथा सङ्ख्यात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ। खोज अनुसन्धन गर्न अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ। शाब्दिक रूपमा सङ्कलन गरिएका असाङ्ख्यिक तथ्याङ्क सूचनाहरूलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने कोसिस गरिएको छ। त्यस्तै गरी कुनै-कुनै तथ्याङ्कलाई सङ्ख्यात्मक रूपमा राखिएको हुँदा परिमाणात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ। यस शोध अध्यनलाई मिश्रित विधिको प्रयोग गरी गरिएको छ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनौट

जनसङ्ख्या भन्नाले सम्पूर्ण मानिसहरूको सङ्ख्यालाई बुझिन्छ। अनुसन्धानको क्रममा जनसङ्ख्या भन्नाले “अनुसन्धानकर्ताको रुचि अनुसारका एकै किसिमका विशेषताहरू मिल्ने व्यक्तिहरूको समूहलाई जनाउँछ (खनाल, २०६२ : ३०)।”

अध्ययनको विषयासँग सम्बन्धित सबै जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने हुँदा मिल्दाजुल्दा गुणहरू भएका मध्येबाट अनुसन्धानलाई पूर्णता दिन आवश्यक पर्ने केही जनसङ्ख्यालाई छनौट गर्नुलाई नमुना छनौट भनिन्छ ।

### ३.२.१ जनसङ्ख्या

यस अध्ययनको जनसङ्ख्याको रूपमा झापा जिल्लाको राजगढ स्रोतकेन्द्र अन्तर्गत सञ्चालित १६ वटा सामुदायिक विद्यालयहरूमध्ये तीनवटा सामुदायिक विद्यालयका प्र.अ., शिक्षकहरू, दलित बालबालिकहरू, दलित समुदायका अभिभावक तथा अन्य अभिभावक र विद्यालय व्यवस्थापन पदाधिकारी र स्रोत व्यक्तिलाई लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनको लागि छनौट गरिने नमुनाको आकार यसप्रकार छ। झापा जिल्लाको राजगढ स्रोतकेन्द्र अन्तर्गत सञ्चालित १६ वटा सामुदायिक विद्यालयहरूमध्ये तीनवटा सामुदायिक विद्यालयहरू छनौट गरिएको छ । तीनवटा विद्यालयमा १ आधारभूत र २ मावि परेका छन् ।

### ३.२.३ नमुना छनौट विधि

यस अध्ययनमा झापा जिल्ला राजगढ स्रोतकेन्द्रमा सञ्चचालित १६ विद्यालयहरूमध्ये छनौट गरिएका तीनवटा विद्यालयहरूबाट आफ्नो उद्देश्य पूरा गर्न विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू अभिभावकहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनौट गरिएको छ । यस शोधकार्यका लागि उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ। प्रत्येक विद्यालयबाट उद्देश्यपूर्ण नमुना छनौटका आधारमा तथ्याङ्क तथा राय संकलनका लागि उत्तरदाताका रूपमा तीनवटा विद्यालयका तीनजनजा प्रधानाध्यापक र आधारभूत तहमा अध्यापन गर्ने प्रत्येक विद्यालयबाट १।१ जना शिक्षक गोलाप्रथा मार्फत छनौट गरिएको छ । यसरी प्रधानाध्यापकसहित छजना शिक्षकहरूलाई छनौट गरिएको छ । त्यसैगरी कक्षा ४ र ५ मा अध्ययन गर्ने सम्पूर्ण छात्रछात्रामध्येबाट दलित छात्रछात्रा प्रत्येक कक्षाबाट २।२ जना छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूलाई गोलाप्रथा मार्फत छनौट गरिएको छ । छनौट गरिएका विद्यार्थी प्रत्येक विद्यालयबाट आठजनाका दरले जम्मा २४ जना रहेका छन् । छनौटमा २४ जना

अभिभावकहरू रहेका छन् । प्रत्येक विद्यालयका २।२ जना विद्यालय व्यवस्थापन समिति सदस्यहरूलाई उपलब्धताका आधारमा छनौट गरी जम्मा ६० जनासँग साक्षात्कार गरियो ।

### ३.३ अनसुन्धानका साधनहरू

अध्ययन कार्यलाई सम्पन्न गर्न के कस्ता साधन वा औजारको निर्माण गर्ने र कसरी सङ्कलन गर्ने भन्ने जस्ता प्रक्रियाहरू महत्वपूर्ण हुन्छन् । यस अध्ययन कार्यका लागि निम्नअनुसारका साधनहरूको प्रयोग गरी नमुना छनौट गरिएका जनसङ्ख्याबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.३.१ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विधिमध्ये प्रश्नावली पनि एक प्रमुख विधि हो । छात्रवृत्ति वितरण प्रक्रिया र कार्यान्वयनको अवस्था साथै छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरूको उपलब्धिमा परेको प्रभाव बुझ्न शिक्षकका साथै छनौट परेका विद्यार्थीका अभिभावकहरूलाई छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी प्रभावबारे बुझिएको छ । जुन क्रमशः अनुसूची १, २ र ३ मा समावेश गरिएको छ ।

#### ३.३.२ विद्यार्थी उपलब्धि फाराम

आधारभूत तहमा छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क सङ्कलन गर्नका लागि प्रयोग गरिने फारामलाई त्यहाँ उपलब्धि फाराम भनिएको हो । उक्त उपलब्धि फाराममार्फत छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूको उपलब्धि स्तरको तुलना गर्न तथ्याङ्क सङ्कलन गरिएको छ । यसलाई अनुसूचीमा हेर्न सकिन्छ ।

#### ३.३.३ समुह छलफल

छनौटमा परेका शिक्षक, अभिभावक, सम्बन्धित विद्यालयका प्रधानाध्यापक लगायत सरोकारवाला अन्य व्यक्तिहरूलाई समेत उपस्थित गराई छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता वितरण प्रक्रिया, कार्यान्वयनको अवस्था सिकाइस्तरमा प्रभाव, समस्या छात्रवृत्ति कार्यक्रमका समस्याहरू आदिबारे सामुहिक रूपमा छलफल गरेर तथ्याङ्क सङ्कलन गरियो ।

#### ३.३.४ अन्तर्वार्ता फारमहरू

छनौटमा परेका विद्यालयका छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरू तथा अभिभावकका लागि विद्याथीईको सिकाइ स्तर, विद्यार्थीको पहुँच, उपलब्धि कार्यान्वयनको

वर्तमान अवस्था आदि पत्ता लगाउन यो फारम प्रयोग गरियो । जसको नमुना अनुसूचीमा राखिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अनुसन्धान वा प्रयोगकर्ताले आफूलाई आवश्यक पर्ने तथ्य, तथ्याङ्क, सूचना, आँकडा आदि सामग्रीहरू जुटाउने साधन, विधि, तरिका, उपकरण आदिलाई नै तथ्याङ्कको स्रोत मानिन्छ । अनुसन्धानकर्ताले के कस्ता स्रोत वा उपकरणहरू प्रयोग गर्ने वा माध्यम बनाउने भन्ने कुरो धेरै हदसम्म अनुसन्धानको विषय, उद्देश्य र क्षेत्रले निर्धारण गर्दछ । यस अध्ययनमा अन्य अध्ययनमा जस्तै प्राथमिक र सहायक दुई तथ्याङ्कका स्रोतहरू रहेका छन् ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययनकर्ता एवम् वा सहयोगीले प्रत्यक्ष संलग्न रही वा अवलोकन गरी छनौट गर्ने क्षेत्र नै प्राथमिक स्रोतका रूपमा रहेका छन् । अध्ययन कार्यमा प्राथमिक स्रोतका तथ्याङ्कहरू बढी भरपर्दो र विश्वसनीय हुन्छन् । तसर्थ यस अध्ययनमा पनि प्राथमिक सङ्कलनमा नै बढी जोड दिइएको थियो । आधारभूत तहमा छात्रवृत्ति कार्यक्रमले सिकाइ स्तरमा पारेको प्रभाव सन्दर्भमा प्रधानाध्यापक, शिक्षक, बालबालिका, अभिभावक, पदाधिकारीसँग विभिन्न साधनहरू प्रनावली, अन्तर्वार्ता, अवलोकन, छलफल आदि साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरियो ।

### ३.४.२ द्वितीय स्रोत

अध्ययनकर्ता र सहयोगी बाहेक अरूले नै अवलोकन, सङ्कलन र प्रकाशित गरेका सामग्रीहरू सहायक स्रोतका रूपमा रहन्छन् । यस्ता स्रोतहरू प्रायः दस्तावेजका रूपमा रहेका हुन्छन् । यस शोध अध्ययन कार्यमा सहयोग पुऱ्याउनका लागि द्वितीय स्रोतका रूपमा सम्बन्धित विद्यालयका अभिलेख, प्रोफाइल शैक्षिक तथ्याङ्क प्रयोग गरिएको छ । साथै अप्रकाशित शोधपत्र, लेख रचना, बुलेटिन, शिक्षा ऐन नियमावली, पुस्तक, पत्रपत्रिका आदि समेतलार्य उपयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधपत्रलाई उद्देश्यमूलक बनाउन किटान गरिएका उद्देश्यहरूको आधारमा तथ्याङ्क सङ्कलनको लागि राजगढ स्रोत केन्द्रका तीनवटा सामूदायिक विद्यालयहरूलाई

छनौट गरिएको छ । यस अध्ययनमा उद्देश्यमूलक नमुना विधि प्रयोग गरी नमूना छनौट गरिएको छ । त्यस्तैगरी यस अध्ययनमा विशेषतः अवलोकन विधि, अन्तर्वार्ता, प्रश्नावली तथा समूह छलफल विधिको प्रयोग गरी तथ्याङ्कन सङ्कलन गरिएको छ । सम्बन्धित विद्यालयमा स्थलगत भ्रमण गरी विद्यालयमा प्रश्नावली फाँटमा मौखिक अन्तर्वार्ता लिइएको छ । साथै स्वयम् प्रत्यक्ष अवलोकन गरी विद्यालयमा उपलब्ध अभिलेख र शैक्षिक तथ्याङ्क समेत उपयोग गरिएको छ । छनौटमा परेका विद्यालयमा गई प्रत्यष रूपमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिइएको साथै दलित अभिभावकबाट सूचना प्राप्त गर्न प्रश्नावली फारम र मौखिक अन्तर्वार्ता आदि प्रयोग गरिएको छ भने स्रोतव्यक्ति, प्रधानाध्यापकलाई प्रश्नावली, फारम भराई विवरण तथा तथ्याङ्क सङ्कलन गरिएको छ। त्यसैगरी विद्यार्थीहरूको उपस्थिति, उपलब्धि, अतिरिक्त क्रियाकलापहरूमा संलग्नता आदि हेर्न उपलब्धि फारमहरू निर्माण गरी सङ्कलन गरिएको छ। साथै यस अप्रकाति शोधपत्र, पुस्तक, लेख, बुलेटिन, पत्रपत्रिका आदिको आधारमा शोधपत्र तयार गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनको विश्लेषण मूलत मिश्रित किसिमले गरिएको छ। यस अध्ययनमा निर्धारित गरिएका उद्देश्यहरूका आधारमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट तथ्याङ्कलाई अनुसन्धानकर्ता स्वयम्ले खुला प्रश्नावली बनाई नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यार्थी, अभिभावकबाट राय सुझाव संकलन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ। यसरी प्राप्त गरिएको तथ्याङ्कहरूलाई यस शोध कार्यमा गुणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै गरी द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिका बनाई स्पष्ट रूपमा व्याख्या विश्लेषण गरिएको छ । नमुना छनौटमा परेका विद्यालयको आधारभूत तहको दलित विद्यार्थी, संख्या, छात्रवृत्ति पाउने, नपाउने विद्यार्थीबीचको शैक्षिक उपलब्धि, अघिल्लो र पछिल्लो वर्षको शैक्षिक उपलब्धिलाई तालिकामा प्रस्तुत गरिएको छ। त्यसै गरी अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूसँग गरिएको छलफलबाट प्राप्त राय सुझावलाई शाब्दिक रूपमा व्याख्या विश्लेषण गरिएको छ । यसरी शाब्दिक वा असाङ्ख्यिक तथ्याङ्कलाई तार्किक तथा व्याख्यात्मक रूपमा विश्लेषण गरिएको र साङ्ख्यिक तथ्याङ्कहरूलाई संख्यात्मक रूपमा तथा तालिकाद्वारा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल/व्याख्या

कुनै पनि अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष तथ्याङ्कको व्याख्या र विश्लेषण हो । यस परिच्छेदमा सम्बन्धित सरोकारवाला पक्षहरूसँग गरिएको छलफल, कुराकानी, प्रश्नोत्तर, अवलोकन तथा प्रत्यक्ष सूचनाहरूलाई अध्ययनको उद्देश्यअनुसार विभिन्न तालिकाद्वारा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । त्यसैगरी नमुना छनौटमा परेका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी अभिलेख, शैक्षिक उपलब्धिको नतिजा, SIP, डकुमेण्ट, प्रतिवेदन, विभिन्न पुस्तक, पत्रपत्रिका आदिबाट प्राप्त सूचनाहरूलाई क्रमबद्ध रूपमा राखी व्याख्या तथा विश्लेषण गर्ने कार्यलाई अनुसन्धानको केन्द्रबिन्दुको रूपमा लिइएको छ ।

यस परिच्छेदमा आधारभूत तहमा सञ्चालित छात्रवृत्ति कार्यक्रमको आवश्यकता, पभावकारिता, सिकाइ स्तरमा प्रभाव आदि विषयहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

## ४.१ छात्रवृत्ति कार्यक्रमको आवश्यकता

छात्रवृत्ति कार्यक्रमको लक्षित समूह वा उपयोगकर्ता नै विद्यार्थीहरू हुन् । जुन समूहका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको हो त्यो समूहसम्म पुग्यो पुगेन, कति जना पाउनबाट बञ्चित भए, छात्रवृत्ति कार्यक्रम आवश्यक छ छैन ? छात्रवृत्तिको रकम पर्याप्त थियो वा थिएन भन्ने सम्बन्धमा अध्ययन गर्न खोजिएको छ ।

शैक्षिक सत्र २०६७ भन्दा अगाडि कुल भर्ना भएका छात्रहरूमध्ये ५०% लाई मात्र छात्रवृत्ति प्रदान गरिएको थियो । यसरी प्रदान गर्दा लक्षित समूहका विद्यार्थीहरू ठूलो सङ्ख्यामा छात्रवृत्ति पाउनबाट बञ्चित हुने गर्दथे । तर शैक्षिक सत्र २०६७ पछि प्राथमिक तहमा भर्ना भएका सम्पूर्ण दलित र छात्राहरूलाई छात्रवृत्ति रकम आउन थालेपछि यो सङ्ख्यामा कम भएको प्रतिक्रिया उत्तरदाताहरूको थियो ।

छनौटमा परेका विद्यालयहरूको अभिलेख हेर्दा लक्षित समूहका विद्यार्थीहरू निकै मात्र बञ्चित भएको पाइयो । यद्यपि छात्रवृत्ति रकम शैक्षिक सत्रको अन्त्यमा तथा प्रायजसो नयाँ शैक्षिक सत्रको सुरुवातमा मात्र प्राप्त हुने हुँदा विद्यालय छाडेर जाने तथा अर्को विद्यालयबाट आउने बालबालिका भने बञ्चित हुने गरेको जानकारी शिक्षकहरूले दिएका थिए । अधिकांश उत्तरदाताले गैह्र दलित छात्रहरूलाई कुनै पनि शीर्षकमा छात्रवृत्ति नआउने

भएकाले प्राथमिक तहका गैह्र दलित छात्र र गरिब र जेहेन्दार भए पनि छात्रवृत्ति रकम प्राप्त गर्नबाट बञ्चित हुने गरेको गुनासो रहेको पाइयो। जेहेन्दार र गरिब विद्यार्थी छात्र भएमा छात्रवृत्ति प्राप्त गर्नबाट बञ्चित हुने हुँदा उनीहरूको मनोबल गिर्न सक्ने सम्भावना अधिकांश शिक्षकहरूले गरेका थिए।

समाजमा मुख्यतया उत्पीडनमा परेको समूह भनेको दलित नै हो भने नेपालको परिप्रेक्ष्यमा महिलाहरू पनि उत्पीडित भएका छन्। यस्तो अवस्थामा दलित तथा महिलाहरूलाई शिक्षा दिन छात्रवृत्तिले सहयोग गरेको पाइन्छ। जसले गर्दा उनीहरू आफ्नो हक अधिकारीका लागि सक्षम बन्छन्। नेपाल सरकारले छात्रवृत्ति कार्यक्रमको प्राथमिकतामा दलित, छात्राहरू र अपाङ्गहरूलाई राखेको पाइन्छ।

शैक्षिक सत्र २०७३ मा छात्रवृत्ति मार्फत लक्षित समुहमा वितरण गरिएको रकम पर्याप्त थियो वा थिएन भनी उत्तरदाताहरूसँग सोधिएको प्रश्नको जवाफमा सम्पूर्ण उत्तरदाताहरू (शिक्षक, अभिभावक, वि.व्य.स.)ले रकम पर्याप्त नभएको बताएका थिए। रकम पर्याप्त छैन भन्ने कति हुनुपर्ने थियो भनी राखिएको प्रश्नमा उत्तरदाताको प्रतिक्रिया यस प्रकार रहेको थियो।

तालिका नं. १ : लक्षित समुहका बालबालिकाहरूलाई छात्रवृत्ति बापत हुनुपर्ने रकमको सम्बन्धमा प्रतिक्रियाहरू

| क्र.सं. | समुह | प्रतिविद्यार्थी हुनपर्ने बार्षिक रकम | उत्तरदाताको प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | शिक्षक | अभिभावक | वि.व्य.स. |
| १. | दलित | १०००।- | ५ | १८ | ३ |
| | | ५००।- | १ | ६ | ३ |
| २. | छात्रा | १०००।- | ५ | १८ | ३ |
| | | ५००।- | १ | ६ | ३ |
| ३. | सीमान्तकृत | १०००।- | ६ | १२ | १ |
| | | ५००।- | - | १२ | - |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई हेर्दा दलितप्रति विद्यार्थी हुनुपर्ने वार्षिक रकमबारे राय बुझ्दा रु. १००० हुनुपर्ने सुझावमा ५ जना शिक्षक, १८ जना अभिभावक र ३ जना वि.व्य.स. रहेको देखिन्छ र रु. ५०० का १ जना शिक्षक, ६ जना अभिभावक र ३ जना वि.व्य.स.को सुझाव रहेको देखिन्छ । यसलाई हेर्दा धेरैजसोको रु. १००० हुनुपर्ने सुझाव रहेको पाइयो । त्यसैगरी छात्रालाई पनि रु. १००० हुनुपर्ने कुरामा शिक्षक, अभिभावक र वि.व्य.स. क्रमशः ५,१८,३ जना रहेको पाइयो । रु. ५०० प्रति विद्यार्थी हुनुपर्ने कुरामा १ जना शिक्षक, ६ जना अभिभावक र ३ जना वि.व्य.स.को सुझाव रहेको पाइयो र सिमान्तकृत बालबालिकाहरूलाई पनि रु. १००० प्रति विद्यार्थी हुनुपर्ने कुरामा सबैको ध्यान गएको रु. ५०० हुनुपर्नेमा केही अभिभावकहरूको मात्र सुझाव पाइयो । यसरी हेर्दा प्रतिविद्यार्थी हुनुपर्ने वार्षिक रकम अर्थात् छात्रवृत्तिवापत पाउने रकम वृद्धि हुनुपर्ने तथा रु. १००० हुनुपर्ने कुरामा शिक्षक, अभिभावक, वि.व्य.स.को माग रहेको पाइयो ।

परिवर्तित अवस्थामा वितरित छात्रवृत्तिको रकम कम भएकाले वृद्धि गर्नुपर्छ भन्ने आशय माथिको तालिकाले देखाउँछ । अभिभावकहरूले विशेष गरी छात्रवृत्तिको रकममा वृद्धिमा जोड दिएको देखिन्छ भने वि.व्य.स. सदस्यहरूले भने वृद्धिलाई खासै महत्त्व दिएको पाइँदैन । छात्राहरूलाई भन्दा पनि दलितलाई छात्रवृत्ति रकम बढी दिनुपर्ने प्रतिक्रिया उत्तरदाताहरूको पाइयो । माथिको तथ्याङ्कहरूलाई विश्लेषण गर्दा अधिकांश उत्तरदाताहरूले प्रत्येक शीर्षकमा प्राप्त रकम कम भएको प्रतिक्रिया दिएको थिए । हालको परिप्रेक्ष्यमा वितरित रकमले विद्यार्थीहरूको शैक्षिक सामग्री खरिदमा खासै सहयोग गर्दैन । उक्त रकम निकै न्युन छ । जसमा वृद्धि नभए पुनः आर्थिक कारणबाट बालबालिका पढ्न बञ्चित रहने सम्भावना हुन्छ । मुक्तिका लागि शक्ति चाहिन्छ र शक्तिबाट नै परिवर्तन आउँछ भनेर पाउलो फ्रेरेले भनेझैँ गरिब तथा जेहेन्दार छात्रवृत्तिको आर्थिक रकम पर्याप्त भए मात्र पढ्न सहयोग हुने र पढ्न उत्प्रेरित हुन्छन् ।

यसरी समग्रमा हेर्दा केन्द्रबाट वितरण गरिएको कोटाको विद्यालय स्तरमा लक्षित समुहका सबै बालबालिकाहरूलाई नसमेटेको कारणले प्रोत्साहन सुविधा अत्यावश्यक भएका केही बालबालिकाहरू समेत छात्रवृत्ति प्राप्त गर्नबाट बञ्चित भएको देखिएको छ भने छात्रवृत्ति रकम केही घरायसी काममा खर्च गर्ने गरेको देखिन्छ । यस्तै छात्रवृत्ति रकम लक्षित समुहका बालबालिकाहरूलाई पर्याप्त नभएको पाइयो । छात्रवृत्ति रकम वृद्धि गर्नुपर्ने

प्रतिक्रिया अभिभावक तथा सरोकारवालाको रहेको पाइयो । हाल विद्यालयमा विद्यार्थी छनौट प्रक्रिया अन्तर्गत राखी केलाउने प्रयास गरिरहेको थियो ।

छात्रवृत्ति वितरणको लागि लक्षित समुह अन्तर्गत कोटाहरू के कसरी वितरण गरिएका थिए भन्ने जिज्ञासाको हरेक वर्ष शैक्षिक सत्रको सुरुबाटमा विद्यालयहरूले आ-आफ्ना विद्यालयमा भर्ना भएका दलित, छात्रछात्रा, सीमान्तकृत छुट्याएर जम्मा विद्यार्थी सङ्ख्या जिल्ला शिक्षा कार्यालयलाई पठाउने गर्दछन्। जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट प्राप्त विद्यार्थी सङ्ख्या वितरण शिक्षा विभागलाई पठाउने गर्दछन्। शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त उक्त विद्यार्थी सङ्ख्याबाट सम्पूर्ण छात्र र सम्पूर्ण दलित समुहका छात्रछात्राहरूलाई पर्ने गरी कोटा तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने गरेको कुरा विद्यालयका शिक्षकहरूबाट जानकारी प्राप्त भएको थियो । शैक्षिक सत्र २०६७ भदा अघि सम्पूर्ण भर्ना भएका ५०% छात्रलाई मात्र छात्रवृत्ति पठाउने गरे तापनि शैक्षिक सत्र २०६७ देखि भर्ना भएका सम्पूर्ण छात्रालाई छात्रवृत्ति पठाउने गरेको कुरा प्रधानाध्यापकले बताएका थिए ।

दलित छात्रवृत्तिका लागि कक्षा १ देखि ५ सम्म अध्ययनरत सबै दलित विद्यार्थीहरू पर्ने गरी व्यवस्थापन समितिको निर्णयवक्ता गरिनुपर्ने र छात्रवृत्ति वितरणका लागि दलित समूहका छानिएका सबै विद्यार्थीहरूलाई शै.स.२०७२-०७४ को लागि प्रतिवर्ष रु. ४०० कायम गरिएको रहेछ। यसरी प्राप्त हुन आएको रकम सम्बन्धित विद्यार्थीको अभिभावक, विद्यार्थी स्वयम् वा विशेष कार्यक्रमको अवसरमा अभिभावकको सहभागितामा विद्यार्थी विद्यार्थी स्वयम्लाई उपलब्ध गराउने उत्तरदाताहरू जनाएका थिए। यसरी प्राप्त रकम जेठ १५, भाद्र २९ र फागुन १२ गते तीन चरणमा किस्ताको रूपमा वितरण गर्नुपर्ने भएपनि प्रायः सम्पूर्ण उत्तरदाताहरूले एकमुष्ट रूपमा उपलब्ध गराउने गरेको जानकारी दिएका थिए। यसरी वितरण गर्दा विद्यार्थी विद्यालयमा टिकाइ राख्नको लागि गरिएको प्रयास विफल हुन सक्ने देखिन्छन्। तसर्थ ३ चरणमा नै वितरण गरे विद्यार्थीहरू नियमित हुने तथा विद्यालयमा टिकाइ राख्न सहज हुने देखिन्छ ।

यो छात्रवृत्ति आधारभूत तहमा अध्ययनरत उमेर समूहका (५-१२) छात्राहरू मध्ये अन्य स्रोतबाट छात्रवृत्ति प्राप्त नगरेका सम्पूर्ण छात्राहरूलाई व्यवस्थापन समितिको निर्णयबाट प्राप्त गरिनु पर्नेछ तर शिक्षक तथा वि.व्य.स. सदस्यहरूबाट प्राप्त भयो । यसरी

प्राप्त रकम शै.स. २०६७ देखि प्रतिवर्ष प्रति विद्यार्थी रु. ४०० रहेको पाइयो । यस अघि यो रकम प्रतिवर्ष रु. ३५० का दरले सम्पूर्ण छात्रमध्ये ५०% लाई मात्र प्रदान गर्ने गरिन्थ्यो । यसअघि पनि अध्ययन क्षेत्रका केही विद्यालयले सम्पूर्ण प्राप्त रकम र छात्रा सङ्ख्या हिसाब गरी दामासाही रूपमा प्रदान गर्ने गरेको उक्त उत्तरदाताले दिएका थिए । छात्रवृत्ति वितरण गर्दा स्वच्छिक छात्रका अभिभावक बोलाइ वा अभिभावक भेला गरी छात्रवृत्ति रकमको सदुपयोग सम्बन्धमा जानकारी गर्नुपर्ने प्रावधान भएको उत्तरदाताको प्रतिक्रिया थियो ।

माथि उल्लेखित छात्रवृत्ति कार्यक्रमहरू बाहेक प्राथमिक तहमा सञ्चालित अन्य कार्यक्रमहरू, विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम अन्तर्गत बुस्टर छात्रवृत्ति, समाहित शिक्षा कार्यक्रम अन्तर्गत अपाङ्ग बालबालिका छात्रवृत्ति र द्वन्द्व पीडित तथा शहिदका छोराछोरीका लागि छात्रवृत्ति कोटा वितरण तथा छनोट प्रक्रियाका सम्बन्धमा जिज्ञासा राख्दा विद्यालयमा दलित, छात्रा र सीमान्तकृत छात्रवृत्ति बाहेक कुनै पनि प्रकारका कोटा नभएको पाइयो । त्यस्तै गरी विद्यालयले स्थानीय स्तरबाट पनि कुनै छात्रवृत्ति प्रदान गर्छ कि भन्ने प्रश्नको उत्तरमा कुनै पनि विद्यालयले त्यस्तो छात्रवृत्ति उपलब्ध गराएको पाइएन ।

छात्रवृत्ति वितरणका आधारहरू के-के छन् भन्ने प्रश्नमा उत्तरदाताहरूले अघिल्ला शै.स.मा छात्रा छात्रवृत्ति ५०% लाई मात्र आउँदा छनौट गर्न गाह्रो हुने र त्यस्तो अवस्थामा गरिब, जेहेन्दार, नियमितता आदिलाई आधार मानी वितरण गर्ने गरिन्थ्यो भन्ने उत्तर दिएका थिए । शै.स. २०६७ देखि दलित तथा छात्रा छात्रवृत्ति शतप्रतिशत आउने भएकाले कुनै कठिनाई नपर्ने प्रतिक्रिया सम्पूर्ण विद्यालयका उत्तरदाताहरूको थियो ।

यसरी हेर्दा के देखिन्छ भने चालु शैक्षिक सत्रमा हरेक विद्यालयहरूमा तोकिएको मितिभित्र भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या विद्यालयले जिल्ला शिक्षा कार्यालयमा पठाउँछन् । यसरी पठाएको विद्यार्थी सङ्ख्यामा दलित छात्रछात्राहरूको छुट्टाछुट्टै विवरण पठाइन्छ । जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूबाट प्राप्त विद्यार्थी सङ्ख्या वितरणलाई शिक्षा विभाग पठाउँदछ । शिक्षा विभागले सो विद्यार्थी सङ्ख्याका आधारमा छात्रवृत्तिका कोटाहरू तय गरी जिल्ला शिक्षा कार्यालयमा वितरण गर्छ । शिक्षा विभागबाट प्राप्त कोटाहरू जिल्ला शिक्षा कार्यालयमा जिल्ला स्तरीय व्यवस्थापन समितिले निर्णय गरी

कोटाहरू विद्यालयहरूमा बाँडफाँड गर्छ र विद्यालयहरूले आफूलाई प्राप्त कोटाहरूका आधारमा छात्रवृत्तिको लागि छात्रछात्राहरूको छनौट गर्ने गरेको देखिन्छ ।

लक्षित समूहका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गर्दा विद्यालयले विशेष कार्यक्रम सम्बन्धित बालबालिका अभिभावकहरूलाई बोलाई वा अभिभावक भेला गराई छात्रवृत्ति रकमको सदुपयोगको सम्बन्धमा जानकारी गराई वितरण गर्नुपर्ने प्रावधान छ । समाजमा उत्पीडनलाई उकास्ने अनेक तरिकाहरू हुन्छन् र तिनीहरूलाई समान अवसर दिनुपर्दछ । शिक्षाबाट वञ्चित हुन नदिन गरिब तथा जेहेन्दार, पिछडिएका वर्ग, दलित आदिलाई छात्रवृत्ति दिएर शिक्षा लिनबाट वञ्चित हुन नदिए शिक्षा प्राप्तिको समान अवसर प्राप्त हुन सक्छ भन्ने कुरालाई सरकारले छात्रवृत्ति वितरणको आकार मानेको देखिन्छ । जसले बालबालिकाको शैक्षिक आँकडाहरूलाई उकास्न सहयोग गरेको छ ।

## ४.२ छात्रवृत्ति विवरण कार्यान्वयनको वर्तमान अवस्था

छात्रवृत्ति वितरण कार्यान्वयन वर्तमान अवस्थालाई केलाउन छात्रवृत्ति वितरण कार्यान्वयनको तरिका, विद्यार्थी छनौट कार्य तथा छात्रवृत्तिको उपयोगिता जस्ता शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ४.२.१ छात्रवृत्ति कार्यान्वयनको तरिका

विद्यालयमा छात्रवृत्ति वितरण कार्य के-कसरी भएको छ भन्ने प्रश्नमा उत्तरदाताहरूले विभिन्न किसिमका प्रतिक्रिया दिएका थिए । श्री पशुपति मा.वि.मा छात्रवृत्ति वितरणको तरिकाको सम्बन्धमा प्रतिक्रिया बुझ्दा स्टाफ बैठकमा कक्षा शिक्षकले नामहरू प्रस्ताव गर्ने, उक्त नामहरू स्टाफरूपीयबाट पाल गरेर प्र.अ. मार्फत् वि.व्य.स. मा पुऱ्याउने गरेको र उक्त नाम वि.व्य.स.ले अनुमोदन गर्ने गरेको पाइयो । सोही प्रक्रिया भगवती आधारभूत विद्यालय र फूलबारी मा.वि.मा पनि पाइयो । यसरी हेर्दा खासगरी छात्रवृत्ति वितरण तरिका निम्नानुसार रहेको देखियो ।

तालिका नं. २ : छात्रवृत्ति वितरण तरिका

| | | | |
|---|---|---|---|
| १. | प्र.अ.ले नाम छनौट गर्छन् | प्र.अ.ले विद्यालय वि.व्य.स. र अध्यक्षलाई सुम्पिन्छन् | प्र.अ., वि.व्य.स. र शि.अ.संघ अध्यक्षको निर्णय कार्यको लागि बैठक |
| २. | कक्षा शिक्षकले नाम छनोट गर्दछन् | शिक्षक बैठकमा नामहरू बुझाउने कार्य गर्दछन् | प्र.अ.ले ती नामहरू वि.व्य.स.मा बुझाउँछन्<br>वि.व्य.स.द्वारा निर्णय लिने कार्य गर्दछन् |
| ३. | योजना अनुरूप छात्रवृत्ति रकम गणना गर्ने | प्रत्येक योजना अन्तर्गत पर्ने विद्यार्थीहरूको सङ्ख्या गणना गर्ने | छात्रवृत्ति रकमलाई विद्यार्थी सङ्ख्याले विद्यार्थीहरूमा बराबर बाँड्ने |

स्रोत : पशुपति मा.वि. (२०७४)

माथिको नमुनाहरूले छात्रवृत्ति वितरण गर्न एक विद्यालयभित्र वर्षैपिच्छे फरक नमुनाको प्रयोग हुने कुरा उजागर गर्दछ। शै.स. २०६७ देखि यो समस्या केही हल भएपनि विद्यार्थी छनोटमा नेपाल सरकारले निर्धारण गरेको तरिका तथा मापदण्ड अधिकांश विद्यालयले पालना नगरेको पाइयो। विद्यार्थी छनौटको उत्कृष्ट आधार नदेखिएकाले छात्रवृत्ति सम्बन्धमा विद्यार्थीहरूका अनिश्चिता सिर्जना गराएको पाइयो।

स्थलगत अनुसन्धानका क्रममा छात्रवृत्ति वितरण प्रक्रिया सम्बन्धी शिक्षक, विद्यार्थी र अभिभावकहरूको भावना सङ्कलन गरिएको थियो। उनीहरू छात्रवृत्ति वितरण प्रक्रियाबाट पूर्ण सन्तुष्टि छैनन्। श्री पशुपति मा.वि. राजगढका प्र.अ.ले आधारभूत तहको दलित छात्रा, सिमान्तकृतलाई मात्र छात्रवृत्ति वितरण गर्ने गरेको बताएका थिए। जेहेन्दार तथा गरिब विद्यार्थीलाई कुनै छात्रवृत्ति वितरण नगरिएको भन्ने त्यहाँका विद्यार्थीहरूको गुनासो गरेको पाइयो। श्री फूलबारी मा.वि.राजगढका शिक्षक तथा वि.व्य.स. सदस्यहरूले छात्रवृत्ति वितरणको सरकारी नीति नै ठीक नभएको गुनासो गरे। उनीहरूको भनाइका आवश्यकता भएका बालबालिकाहरूलाई बेवास्ता गरिएको छ।

अधिकांश अभिभावकहरूले छात्रवृत्ति रकम अति कम भएको गुनासो गरेका थिए। छात्रवृत्ति रकमले कापी र कलम समेत खरिद गर्न नसकिने कुरा बताएका थिए। छात्रवृत्ति र प्रोत्साहन कार्यक्रमहरूका सम्बन्धमा सूचना दाताहरूले "आवश्यकता भएका समूहका

बालबालिकाहरूलाई वितरण गरिएको दाबी गरे तापनि वास्तवमा आवश्यकता भएका सबै बालबालिकाहरूले यसको उपयोग गर्न पाएका छैनन् ।"

### ४.२.२ विद्यार्थी छनोट कार्य

छात्रवृत्ति वितरण कार्यको लक्षित समूह विद्यार्थी हो । छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट गर्ने तरिकालाई यहाँ केलाउने प्रयास गरिएको छ ।

तालिका नं. ३ : छात्रवृत्तिका लागि विद्यार्थी छनोट प्रक्रिया

| क.सं. | छात्रछात्रा छनोट प्रक्रिया | शिक्षक | अभिभावक | वि.व्य.स. |
|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराएर | ३ | १२ | १ |
| २. | स्टाफ बैठकबाट निर्णय गराएर | २ | - | ४ |
| ३. | थाहा छैन | - | ६ | - |

स्रोत : स्थलगत सर्वेक्षण (२०७४)

माथिको तालिका अनुसार छात्रवृत्ति वितरणका लागि छात्रछात्राहरूको छनोट विद्यालय व्यवस्थापनबाट निर्णय गराएर भन्ने जवाफ ३ जना अर्थात् ५०% शिक्षकको १२ जना अर्थात् ५०% अभिभावकको र १ जना वि.व्य.स. सदस्यहरूको रहेको थियो । जस्तैः स्टाफ बैठकमा निर्णय गराएर भन्ने जवाफमा २ जना अर्थात् ३४% शिक्षक र ४ जना अर्थात् ६६% वि.व्य.स. पदाधिकारीहरूले दिएका थिए । प्रधानाध्यापक स्वयम्ले छात्रछात्राहरूको छनौट गर्न प्रतिक्रिया १ जना अर्थात् १६% शिक्षक, ६ जना अर्थात् २५% अभिभावक र १ जना अर्थात् १७% वि.व्य.स. पदाधिकारीले दिएका थिए भने ६ जना अर्थात् २५% अभिभावकले छनोटको बारेमा केही थाहा नभएको प्रतिक्रिया दिएका थिए ।

त्यस्तै लक्षित समूह अन्तर्गत छात्रछात्राहरूलाई छात्रवृत्तिका लागि छनोट गर्दा के कस्ता छनौट आधारहरू प्रयोग गरिन्थ्यो भन्ने जिज्ञासामा उत्तरदाताको जवाफ यसप्रकार थियो ।

तालिका नं. ४ : छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरू

| क.सं | छनौटका आधारहरू | उत्तरदाताको प्रतिक्रिया | | |
|---|---|---|---|---|
| | | शिक्षक | अभिभावक | वि.व्य.स. |
| १. | दलित, गरिब तथा जेहेन्दार भएमा | ६ | ८ | ५ |
| २. | प्रधानाध्यापकको नजिक नाता | - | ४ | १ |
| ३. | थाहा छैन | - | १२ | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकामा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरू देखाइएको छ । तालिकाको पहिलो आधारमा दलित, गरिब तथा जेहेन्दारको आधारमा छात्रवृत्ति वितरण हुनुपर्छ भन्ने प्रतिक्रियामा शिक्षक ६ वना, अभिभावक ८ जना र वि.व्य.स. ५ जना रहेको पाइयो । त्यसैगरी प्रधानाध्यापकको नजिक नातामा अभिभावक ४, वि.व्य.स. १ जना रहेको पाइयो र १२ जना अभिभावकले थाहा छैन भनी प्रतिक्रिया दिइएको पाइयो ।

समग्रमा हेर्दा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा दलित, सिमान्तकृत, छात्रा, जेहेन्दार, गरिब, अपाङ्ग आदि सबैलाई समेटेर दिनुपर्ने कुरा शिक्षक, अभिभावक, वि.व्य.स. तथा अन्य सरोकारवालाहरू सबैको प्रतिक्रिया रहेको पाइयो ।

छात्रवृत्ति कार्यक्रमले शिक्षा प्रदान गर्न सहजता प्रदान गरी सहर्ष गर्न नसक्ने व्यक्तिलाई सङ्घर्ष गर्न सक्षम बनाउँछ । समाजका उत्पीडित व्यक्तिलाई लैङ्गिक वा जातीय आधारमा मात्र हेर्न नहुने कुरा उत्तरदाताको प्रतिक्रियाबाट थाहा हुन्छ । छात्र होस् या गैह्र दलित यदि ऊ गरिब छ भने समाजमा उत्पीडित भएको हुन्छ, धनी वर्गबाट शोषित भएको हुन्छ तसर्थ जातीय र लैङ्गिक आधारमा मात्र उत्पीडित वर्ग छुट्याउन न्यायोचित नहुने तर्फ अधिकांश उत्तरदाताको प्रतिक्रियाले इङ्गित गर्दछ ।

### ४.२.३ छात्रवृत्तिको उपयोगिता

शिक्षामा छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थितिको बारेमा अध्ययन गर्दा यसको उपयोगिताको पक्ष महत्त्वपूर्ण पक्ष हो । तसर्थ यस अध्ययनले पनि उपयोगिताको अवस्था

खोज गर्ने प्रयास गरेको छ । यस पाठको मुख्य लक्ष्य कुन र कस्तो स्थानमा कसलाई र कुन प्रयोजनले छात्रवृत्ति रकम उपयोग गरियो भनी विश्लेषण गर्नु र छात्रवृत्ति कार्यक्रमले दलित तथा पिछडिएका बालबालिकाहरूलाई कति प्रेरित गरेको छ भनी विश्लेषण गर्नु रहेको छ ।

शिक्षामा छात्रवृत्ति कार्यक्रमको आवश्यकता पहिचान गर्दा यसको उपयोगिताको पक्ष महत्त्वपूर्ण पक्ष हो । तसर्थ यस अध्ययनले पनि छात्रवृत्तिको उपयोगिता खोज गर्ने प्रयास गरेको छ । यस अध्ययनको मुख्य लक्ष्य कुन र कस्तो स्थानमा कसलाई र कुन प्रयोजनले छात्रवृत्ति रकम उपयोग गरियो भनी विश्लेषण गर्नु र छात्रवृत्ति कार्यक्रमले दलित तथा पिछडिएका बालबालिकाहरूलाई कतिको प्रेरित गरेको छ भनी विश्लेषण गर्नु रहेको उपयोगिताबारे शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिको प्रतिक्रियाहरूलाई निम्न तालिकाद्वारा प्रष्ट पार्न खोजिएको छ ।

तालिका नं. ५ : छात्रवृत्ति उपयोगिता सम्बन्धमा शिक्षक, अभिभावक, वि.व्य.स.को प्रतिक्रिया

| क.सं. | विद्यालयको नाम | उत्तरदाताको प्रतिक्रिया | | |
|---|---|---|---|---|
| | | शिक्षक | अभिभावक | वि.व्य.स. |
| १. | श्री पशुपति मा.वि. | विद्यालय प्रयोगका कलम, कापी किन्न | पारिवारिक आवश्यकता, पढाईमा खर्च | विद्यालय पोशाक, कापी, कलम किन्न |
| २. | श्री भगवती आधारभूत विद्यालय | विद्यालयको पोशाक, शैक्षिक सामग्री किन्न | परिवारको खर्च औषधी उपचारमा, खाजाका लागि | विद्यालय पोशाक, साथै घरायसी नाममा खर्च |
| ३. | श्री फूलबारी मा.वि. | विद्यालय पोशाक, कापी, कलम तथा झोला किन्न | विद्यालयको पढाइ खर्चमा, नुन तेल आदि किन्न | पढाइमा खर्च, परिवारको आवश्यकताका सामान खरिद गर्न |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार छात्रवृत्ति रकम मुख्यतया बालबालिकाको शिक्षा, परिवार धान्न र दैनिक उपभोग्य सामग्री किन्नमा प्रयोग भएको देखियो । वितरीत छात्रवृत्ति रकम अधिकांश बालिकाहरूको शैक्षिक क्षेत्रमा नै खर्च गर्ने गरेको पाइयो। छात्रवृत्ति रकम विद्यार्थीको विद्यालय पोशाक किन्न र विद्यालय, पुस्तक, कापी, कलम, स्कुल ब्याग आदि खरिद गर्न खर्च गरेको पाइयो । त्यसैगरी बालबालिकाका लागि आवश्यक सामान खरिद गर्न र उनीहरूलाई आवश्यक खाजा खर्च गर्ने गरेको देखिन्छ ।

केही अभिभावकहरूले छात्रवृत्ति रकम घर खर्चमा वा परिवार धान्न पनि खर्च गर्ने गरेको देखियो । विशेष गरी आर्थिक अवस्था कमजोर भएका अभिभावकहरूले परिवार धान्न यस्तो रकम प्रयोग गर्ने गरेको पाइयो । यस्तो रकम खाना र अन्न आदि खरिद गर्न, नुन, तेल, मट्टितेल, मञ्जन जस्ता दैनिक आवश्यक वस्तु खरिद गर्न, औषधी उपचार गर्न तथा परिवारका सदस्यका लागि लत्ताकपडा खरिद गर्न समेत खर्च गर्ने गरेको पाइयो। साथै वि.व्य.स.को राय बुझ्दा पनि पढाइ खर्चका साथै घरायसी खर्च गर्ने गरेको पाइयो ।

समष्टिगत रूपमा भन्नुपर्दा छात्रवृत्ति वापत प्राप्त रकम कुनै न कुनै रूपमा अभिभावकहरूले खर्च गर्ने गरेको पाइयो बालबालिकाले आफ्नो इच्छा र आवश्यकता अनुसार खर्च गर्न नपाएको देखियो। छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट कार्यमा विद्यालय व्यवस्थापन समितिको सहभागिता न्यून रहेको पाइयो भने छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट कार्यमा कक्षा शिक्षक तथा प्रधानाध्यापकको भूमिका बढी रहेको पाइयो । त्यस्तै छात्रवृत्ति कार्यक्रममा अभिभावकको सहभागिता कम रहेको पाइयो । कतिपय विद्यालयमा छात्रवृत्ति रकम अभिभावकहरूलाई जानकारी नगराई बालबालिकाहरूलाई भर्पाइ गराई जिम्मा लगाउने गरेको पाइयो । तीन चरणमा गरी वितरण गर्नुपर्ने रकम एकमुष्ट एकै चरणमा वितरण गर्ने गरेको र छात्रवृत्ति वितरणको निश्चित समयावधि नतोकी विद्यालयले आफ्नो अनुकुलता हेरी जुन पायो त्यही समयमा वितरण गर्ने गरेकोले जुन प्रयोजनको लागि यो कार्यक्रम छ त्यो कार्यक्रम पूरा नहुने देखिन्छ। छात्रवृत्ति प्रायः शै.स.को सुरुमा तथा अन्त्यमा मात्र वितरण गर्नाले यसको प्रभावकारितामा कमी हुने तथा विद्यार्थीहरूले बीच बीचमा नै विद्यालय छाड्ने सम्भावना बढी देखिन्छ ।

छात्रवृत्ति रकम जुन वर्गमा जुन प्रयोजनका लागि वितरण गरिएको हो त्यो नभए त्यसको खासै उपभोग नभएको र कार्यक्रम सञ्चालन गर्नुको खासै राम्रो प्रभाव पर्दैन। तसर्थ यसको सही सदुपयोग गर्नुपर्दछ। तसर्थ लक्षित समूहलाई छात्रवृत्तिको आवश्यकता, उपयोगिताको बारेमा जानकारी प्रदान गर्नु पनि अति आवश्यक देखिन्छ।

## ४.३ वर्तमान छात्रवृत्ति कार्यक्रम प्रभावकारिता

छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता निम्नानुसार उल्लेख गरिएको छ :

### ४.३.१ छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूको उपलब्धीबीच तुलना

मानव विकासको मूल्य आधारभूत आवश्यकतामध्ये शिक्षा एक प्रमुख हो। यसले विभिन्न ज्ञान, व्यवहार, मानसिकता र सीपद्वारा मानिसलाई सशक्त बनाई सर्वाङ्गिण विकास गर्दछ तसर्थ उचित शिक्षा प्राप्त गरेको विद्यार्थीहरूका लागि विभिन्न अवसरहरू सम्भव हुन्छन्। अन्य कार्यहरू जस्तै व्यक्ति, समाज र राष्ट्रमा पनि हुन्छ। विभिन्न प्रकारका छात्रवृत्तिहरू प्रदान गरी सिकाइस्तरमा वृद्धि गर्न राष्ट्रले विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय योगदान जस्तै सबैको लागि सहस्राब्दी विकास लक्ष्य मार्फत् प्रदान गरिएको छ।

यसरी शिक्षामा विभिन्न मध्यस्थता र प्रोत्साहन कार्यक्रमहरू गरिए तापनि आधारभूत विद्यालय जाने उमेर समूहका बालबालिकाहरू अझै पनि विद्यालय जान सकेका छैनन्। एकातर्फ उनीहरूलाई शैक्षिक प्रणाली भित्र ल्याउनु र चुनौतीपूर्ण कार्य हो भने अर्कोतर्फ यस कार्यलाई अझ बढी प्रोत्साहनको खाँचो छ। यस सम्बन्धमा वर्तमान छात्रवृत्ति र प्रोत्साहन कार्यक्रमहरूको सहभागिता सम्बन्धमा पहुँच बाहिरका बालबालिकाहरू माथि विशेष जोड दिँदै उपलब्धि उपस्थितिको मुख्य भूमिका रहन्छ। यस अध्ययनले सो कुराको मूल्याङ्कन गर्ने प्रयास गरेको छ।

नमुना छनोटमा परेका विद्यालयमा अध्ययनरत छात्रवृत्ति पाउने र छात्रवृत्ति नपाउने विद्यार्थीहरू बीचको तुलना निम्नानुसार रहेको छ। श्री पशुपति मा.वि. राजगढमा अध्ययनरत कक्षा ४-५ का छनौटमा परेका विद्यार्थीहरूको उपलब्धि निम्नानुसार छ :

तालिका नं. ६ : श्री पशुपति मा.वि.मा अध्ययनरत कक्षा ४-५ का छनोटमा परेका विद्यार्थीहरूको उपलब्धि

| कक्षा | नियमित छात्रवृत्ति पाउनेको प्राप्ताङ्क | छात्रवृत्ति नपाउनेको प्राप्ताङ्क |
|---|---|---|
| ४ | ४१९ | ३३४ |
| ४ | ३८२ | २१७ |
| ५ | ४३८ | २७६ |
| ५ | ३८८ | ३३९ |

स्रोत : विद्यालयको अभिलेख, २०७४

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने श्री पशुपति मा.वि. राजगढमा छात्रवृत्ति कार्यक्रमले उपलब्धिमा राम्रो प्रभाव पारेको देखिन्छ। किनभने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको उपलब्धि नपाउने विद्यार्थीको भन्दा राम्रो देखिन्छ। उक्त विद्यालयका शिक्षकहरूका अनुसार पनि छात्रवृत्तिले विद्यार्थीहरूमा राम्रो प्रभाव पार्न र यसले विद्यार्थीहरूको सिकाइ स्तरमा वृद्धि गर्न र उपस्थितिमा पनि नियमितता ल्याउन मद्दत गरेको छ। विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले छात्रवृत्ति पाएको देख्दा नपाउने पनि आफूले छात्रवृत्ति पाउन सकिन्छ कि भनेर राम्ररी अध्ययन गर्ने कुरा उत्तरदाताहरूको पाइयो ।

श्री भगवती आधारभूत विद्यालय राजगढमा अध्ययनरत ४ र ५ का छनोटमा परेका विद्यार्थीहरूको उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७ : श्री भगवती आधारभूत विद्यालयका विद्यार्थीहरूको उपलब्धि

| कक्षा | नियमित छात्रवृत्ति पाउनेको प्राप्ताङ्क | छात्रवृत्ति नपाउनेको प्राप्ताङ्क |
|---|---|---|
| ४ | ४५३ | ३४९ |
| ४ | ३९५ | १८७ |
| ५ | ४१२ | ४९९ |
| ५ | ४४८ | २६६ |

स्रोत : विद्यालय अभिलेख, २०७४

माथिको तालिका अनुसार श्री भगवती आधारभूत विद्यालय राजगढका विद्यार्थीहरूमा छात्रवृत्ति पाउने विद्यार्थीहरूको उपलब्धि अरूको तुलनामा राम्रो रहेको पाइयो । कक्षा ५ मा भने छात्रवृत्ति नपाउने जेहेन्दार विद्यार्थीको पनि उपलब्धि राम्रो देखियो । यस विद्यालयमा छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको उपलब्धि भन्दा पनि उपस्थितिमा नियमितता रहेको पाइयो । छात्रवृत्ति कार्यक्रमभित्र लक्षित समूहलाई मात्र राखिने हुँदा त्यसभन्दा बाहिरका विद्यार्थीको उपलब्धि पनि राम्रो रहेको पाइयो । केही हदसम्म छात्रवृत्तिले पनि सिकाइ स्तरमा वृद्धि गर्न सहयोग गर्ने गरेको पाइयो ।

त्यस्तैगरी श्री फूलबारी मा.वि राजगढमा कक्षा ४ र ५ मा छनोटमा परेका विद्यार्थीहरूको उपलब्धिलाई निम्न तालिकामा प्रष्ट पार्न खोजिएको छ :

तालिका नं. ८ : श्री फूलबारी मा.वि. का विद्यार्थीको उपलब्धि

| कक्षा | नियमित छात्रवृत्ति पाउनेको प्राप्ताङ्क | छात्रवृत्ति नपाउनेको प्राप्ताङ्क |
|---|---|---|
| ४ | ४६२ | ३७४ |
| ४ | ४५८ | २७८ |
| ५ | ४७३ | ४६९ |
| ५ | ३९६ | ३८८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार श्री फूलबारी राजगढमा पनि अन्य विद्यालयमा जस्तै छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको उपलब्धि नपाउनेको भन्दा केही राम्रो देखियो तर अन्य विद्यालयमा जस्तो यस विद्यालयका विद्यार्थीहरूबीचको उपलब्धिमा धेरै अन्तर रहेको पाइएन । छात्रवृत्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्यार्थीको सिकाइस्तरमा प्रभाव पारिरहेको कुरा माथिको तालिकाबाट प्रष्ट भएको पाइयो ।

अधिकांश बालबालिका जसले छात्रवृत्ति प्राप्त गरेका छन् । उनीहरूको सिकाइ उपलब्धि नपाउनेको तुलनामा राम्रो देखिन्छ । यसबाट के भन्न सकिन्छ भन प्राणीले सुखद वा आनन्द अनुभूति प्राप्त गरेका ऊ त्यो कामलाई निरन्तरता दिन वा पूर्ण गर्न चाहन्छ । छात्रवृत्तिले व्यक्तिमा सकारात्मक समलम्वन र सुखद अनुभूति प्रदान गर्ने हुँदा निरन्तरता

दिन मद्दत गरेको हुन्छ । फलस्वरूप उनीहरूको सिकाइ उपलब्धिमा वृद्धि हुने, नियमितता हुने, बालबालिका अनुशासित हुने क्रियाकलापमा वृद्धि भएको पाइन्छ ।

## ४.३.२ छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीहरूको विद्यालयमा उपस्थिति

विद्यालयमा विद्यार्थीको उपस्थितिलाई उपलब्धिमा प्रभाव पार्ने एउटा तत्त्वको रूपमा लिन सकिन्छ । छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूको उपस्थिति कसको नियमित छ भन्ने सम्बन्धमा सम्बन्धित विद्यालयहरूबाट वार्षिक हाजिरी सङ्कलन गरिएको थियो । जसको औषत निकालेर निम्न रूपमा तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ९ : छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीहरूको उपस्थिति

| क.सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिति | नपाउने विद्यार्थीको उपस्थिति |
|---|---|---|---|---|---|
| १. | श्री पशुपति मा.वि. | २३० | १८३ | १७४ | १६० |
| २. | श्री भगवती आधारभूत विद्यालय | २२५ | १९८ | १८१ | १०२ |
| ३. | श्री फूलबारी मा.वि. | २१९ | १८५ | १७० | १४९ |
| | औषत | २२५ | १८९ | १७५ | १३७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार श्री पशुपति मा.वि.मा जम्मा विद्यालय खुलेको द २३०, पढाइ भएको दिन १८३ दिन, छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिति १७४ र नपाउनेको उपस्थिति १६० दिन मात्र रहेको देखिन्छ । त्यसैगरी श्री भगवती आधारभूत विद्यालयको जम्मा खुलेको दिन २२५ र पढाइ भएको दिन १९८ दिन, छात्रवृत्ति प्राप्त विद्यार्थीको उपस्थिति १८१ दिन र नपाएको विद्यार्थीको उपस्थिति १०२ दिन मात्र रहेको पाइयो र श्री फूलबारी मा.वि. मा पनि खुलेको जम्मा दिन २१९, पढाइ भएको दिन १८५, छात्रवृत्ति प्राप्त

विद्यार्थीको उपस्थिति १७० र नपाएको विद्यार्थीको उपस्थिति १४९ रहेको देखिन्छ । औसतमा हेर्दा विद्यालय खुलेको जम्मा दिन २२५ दिन, पढाइ भएको १८९ दिन, छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिति १७५ दिन र नपाउनेको १३७ दिन मात्र रहेको देखिन्छ ।

छनोटमा परेका विद्यालयमा छात्रवृत्ति पाउने र नपाउने विद्याथीको उपस्थिति हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिति नपाउनेको भन्दा बढी रहेको पाइयो । उत्तरदाताहरूले पनि छात्रवृत्ति कार्यक्रमका कारण अन्य क्षेत्रमा भन्दा पनि विद्यार्थी नियमिततामा राम्रो प्रभाव पारेको प्रतिक्रिया दिएका थिए । दलित छात्रा तथा सीमान्ताकृतलाई आउने छात्रवृत्ति प्राप्त गर्न वितरणको बेला विद्यालय खुलेको कम्तिका ८०% उपस्थिति हुनुपर्ने नियमका कारणले पनि नियमिततामा राम्रो प्रभाव पारेको कुरा शिक्षकहरूको तर्फबाट पाइयो ।

छात्रवृत्ति रकम बालबालिकाको पढाइमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा उपभोग भएको देखियो । केही अभिभावकहरूले बाहेक अधिकांश अभिभावकले छात्रवृत्ति वापतको रकम सदुपयोग नै गरेको पाइयो । उनीहरूले छात्रवृत्ति रकमलाई आफ्ना बालबालिकाहरूको विद्यालय पोसाक, विद्यालय खाजा, झोला, कापी, कलम, किताब खरिद गर्न प्रयोग गरेको देखियो । अध्ययनबाट प्राप्त सुझाव र विद्यार्थीहरूको शैक्षिक तथ्याङ्कलाई हेर्दा छात्रवृत्तिबाट विद्यालय सहभागितामा सकारात्मक प्रभाव परेको पाइयो । छात्रवृत्ति कार्यक्रमले सबैभन्दा बढी विद्यार्थीको उपस्थिता सकारात्मक प्रभाव पारेको पाइयो । त्यस्तै कक्षावृद्धि, सिकाइ उपलब्धि तथा सिकाइ स्तरमा वृद्धि प्रष्ट भएको छ । त्यस्तै गरी शिक्षक, अभिभावकका अनुसार छात्रवृत्ति रकमले गर्दा विद्यार्थीहरू खाली समयमा पनि परिश्रम गरेर पढाइमा नै समय बिताउने गरेको पाइयो । कतिपय अभिभावकले छात्रवृत्ति प्रलोभनको कारण विद्यार्थीलाई विद्यालय भर्ना गर्ने गरेको पाइयो । यबसाट छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्ना दरमा समेत वृद्धि भएको पाइयो ।

विद्यार्थीहरूको उपस्थितिको स्थिति हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थिति हुने गरेको र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थी कम उपस्थिति हुने गरेको देखाउँछ भने कुनै उद्देश्य प्रति प्राणीले प्रतिक्रिाया गरे पश्चात त्यसबाट उसले प्राप्त गर्ने सुखद वा दुःखद अनुभूति जनाउँछ । सुखद अनुभूति पाएमा काम निरन्तर र पूर्ण गर्न चाहन्छ तर दुःखद अनुभूति भएमा ऊ त्यसबाट उम्कन चाहन्छ भन्न सकिन्छ । छात्रवृत्ति एएटा उद्धिक हो जसलाई प्राप्त गरे पश्चात विद्यार्थीहरूमा सुखद अनुभूति प्राप्त हुन्छ र झन् विद्यालयमा नियमित हुने गर्दछ तर सो छात्रवृत्ति प्राप्त गर्दैनन् उनीहरूले दुःखद

अनुभूति प्राप्त गर्ने हुँदा उनीहरू विद्यालयमा कम उपलब्धि हुने, पढाइबाट टाढा हुन खोज्ने गरेको समेत पाइयो ।

### ४.३.३ वर्तमान छात्रवृत्ति कार्यक्रमबारेमा सरोकारवाला विभिन्न पक्षहरूको प्रतिक्रिया

छनौटमा परेका नमुना जनसङ्ख्याबाट वर्तमान छात्रवृत्ति कार्यक्रमको बारेमा प्रतिक्रिया लिन छुट्टाछुट्टै प्रश्नावली बनाई तथा समूहगत छलफल गरी प्रतिक्रिया लिइएको थियो जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.४ वर्तमान शिक्षकहरूको प्रतिक्रिया

आधारभूत तहमा हाल सञ्चालित विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रमहरूको विभिन्न प्रकारका प्रतिक्रियाहरू पाइयो ।

अधिकांश शिक्षकहरूले बालबालिकाहरूबीच राम्रो व्यवहार ल्याउनका लागि छात्रवृत्ति कार्यक्रमको सकारात्मक प्रभाव परेको बताएका थिए। उनीहरूका अनुसार छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरूको दैनिक जीवन, क्रियाकलाप र शैक्षिक सुधार दुवैमा सकारात्मक प्रभाव परेको पाइन्छ। बालबालिकाहरूले विद्यालय र पढाइप्रति उत्प्रेरणा र जागरुकता देखाएका छन् । उनीहरू छात्रवृत्ति पाएपछि बढी खुसी हुने गरेका छन् । छात्रवृत्ति पाएका बालबालिका व्यक्तिगत सरसफाइको स्तरमा महत्वपूर्ण रूपमा सुधार भएको छ। छात्रवृत्ति प्राप्त गर्न कडा परिश्रम नियमित विद्यालय उपस्थिति, गृहकार्य नियमित रूपमा पूरा गर्ने र शिक्षकहरूबाट सल्लाह लिनुको शैक्षिक उपलब्धि वृद्धि हुन गएको कुरा शिक्षकहरूको छ। शिक्षकहरूका अनुसार बालबालिकाहरूमा आगामी कक्षाहरूमा छात्रवृत्ति जारी राख्ने लक्ष्यसहित शिक्षा र अन्य पक्षहरूमा अझ राम्रो गर्नको लागि विद्यार्थीहरूमा प्रतिष्पर्धाको भावना देखियो भने छात्रवृत्ति कार्यक्रम आफ्ना साथीहरूले पाएको देखेपछि नपाउने विद्यार्थीले पनि छात्रवृत्ति पाउने आशामा मेहेनत गर्ने गरेको पनि पाइयो ।

अधिकांश शिक्षकहरूले छात्रवृत्ति कार्यक्रम छात्रा तथा दलितलाई प्रदान गरिनु राम्रो रहेको बताए। पिछडिएको वा उत्पीडित वर्ग भनेकै दलित तथा छात्रा हुन्। त्यसैले यी समूहलाई छात्रवत्ति दिनु उपयुक्त भएको बताए। कतिपय शिक्षकले दलित र छात्रालाई मात्र छात्रवृत्ति प्रदान नगरी गरिब तथा जेहेन्दार विद्यार्थीलाई पनि प्रदान गर्नुपर्ने प्रतिक्रिया थियो ।

यस सम्बन्धमा एकजना शिक्षकको प्रतिक्रिया यस्तो थियो । आजभोली दलितहरू पनि धेरै धनी, उनीहरूलाई यो दिइने छात्रवत्तिको कुनै मतलब नै छैन । बरु गरिब र आवश्यकलाई छानेर दिन पाए राम्रो हुन्थ्यो । त्यस्तै पशुपति मा.वि.का शिक्षक शर्मानन्द भट्टराईको रकम एकदमै कम भएको प्रतिक्रिया दिनुभयो । उहाँको अनुसार “आजको महँगीको जमानामा रु. ४०० ले के आउँछ ? एउटा विद्यार्थीले वर्षभरिलाई पेन्सिल किन्न पनि पुग्दैन । यो रकम त मासिक रूपमा दिँदा पनि कम हुन्छ हामीलाई वितरण गर्न पनि लाज हुन्छ । सरकारले यी रकममै वृद्धि गर्नैपर्छ” यस्तै प्रतिक्रिया फूलबारी मा.वि.का शिक्षक भगीरथ राजवंशीको रहेको थियो ।

समग्रमा शिक्षकहरूले छात्रवृत्ति कार्यक्रम राम्रो र प्रभावकारी भएको प्रतिक्रिया दिएका थिए भने वर्तमान अवस्थामा छनोटका आधार र रकम भने परिमार्जन गर्नुपर्ने प्रतिक्रिया धेरै शिक्षकहरूको पाइयो । सबै छात्रवृत्ति रकम समयमा नै उपलब्ध नहुने, वितरण समस्या आउने गरेको पनि गुनासो रहेको पाइयो ।

### ४.३.५ छनोटमा परेका विद्यार्थीहरूको प्रतिक्रिया

अध्ययनको केन्द्रबिन्दुका रूपमा रहेका विद्यार्थीहरूको प्रतिक्रिया उनीहरूको विभिन्न पक्षहरूको अवलोकन तथा विद्यालयमा भएको उनीहरूका अभिलेखलाई समेत केलाउँदा छात्रवृत्ति कार्यक्रमले विद्यार्थीमा सिकाइ उपलब्धि, नियमितता, अनुशासन जस्ता पक्षमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

विद्यार्थीहरूले छात्रवृत्ति पाएपछि आफूहरू बढी खुशी हुने गरेका प्रतिक्रिया दिएका थिए भने नपाउने विद्यार्थीहरूले आफूहरूले पनि छात्रवृत्ति पाए हुन्थ्यो जस्तो लाग्ने प्रतिक्रिया दिएका थिए । राम्रो पढ्यो, सधैँ विद्यालय आयो भने छात्रवृत्ति पाइने कुरा व्यक्त गर्दछन् । श्री भगवती आधारभूत विद्यालयका छात्रा अन्जना शाहीले कक्षा ३ बाट ४ मा जाँदा छात्रवृत्ति नपाएपछि दुःखी भइन् र घरमा सुनाइन् । घरबाट विद्यायमा जानकारी गराए । विद्यालयले मेहेनत गरेर पढ प्रथम भयौ भने पक्का छात्रवृत्ति पाउँछौ भनी आश्वासन दिइयो । उनले मेहेनत गरेर पढिन् कक्षा ४ बाट ५ मा जाँदा उनी प्रथम भइन् र पछिल्लो वर्ष छात्रवृत्ति पनि प्राप्त गरिन् यसबाट उनी थप उत्साहित भइन् यसरी विद्यार्थीहरू छात्रवृत्तिकै कारणले पनि राम्रो पढ्ने गरेको पाइयो । श्री फूलबारी मा.वि.को छात्र सुरज परियार नियमित विद्यालय आउँदैन थिए । उनलाई सधैँ विद्यालय आए तिमीलाई

छात्रवृत्ति दिने पछि उनी कक्षामा नियमित भए। यस्ता उदाहरण धेरै छन्। छात्रवृत्ति नपाएका विद्यार्थीहरू पनि छात्रवृत्ति पाइने आशामा मेहेनत गर्ने तथा नियमित विद्यालय आउने गरेको बताए। धेरैजसो विद्यार्थीले छात्रवृत्ति रकम आफ्नो पोशाक, कापी, कलम किन्ने गरेको बताए।

## ४.३.६ अभिभावक तथा वि.व्य.स. सदस्यहरूको प्रतिक्रिया

छात्रवृत्ति वितरण कार्यक्रम अन्तर्गत विद्यार्थी छनोट कार्यमा स्थानीय अभिभावकहरूलाई सहभागि कम गराउने र विद्यालयका शिक्षकहरूले एकलौटी निर्णयबाट छात्रवृत्ति कार्यक्रम तय गरिने भएकोले आर्थिक तथा सामाजिक रूपमा पिछडिएका बालबालिकाहरू छात्रवृत्ति कार्यक्रममा नसमेटिएको प्रतिक्रिया पाइयो। अर्कोतिर वि.व्य.स. सदस्यहरूले पनि विद्यार्थी छनोट कार्यमा आफूहरूलाई सहभागि नगराइने गुनासो गरेको पाइयो।

छात्रवृत्ति रकम ढिलो बाड्ने गरेकोले आफ्नो केटाकेटीहरूलाई कापी, कलम, ड्रेस आदि समयमा नै खरिद गर्न नपाउने गुनासो अभिभावकको थियो। त्यस्तै छात्रवृत्ति रकम वापतको पैसा विद्यालयले बालबालिकाहरूलाई बुझाउने गरेको र उनीहरूले प्राप्त रकम आफ्ना अभिभावकहरूलाई जानकारी नदिइ फजुल खर्च समेत गर्ने गरेको प्रतिक्रिया बहुसङ्ख्यक अभिभावकहरूको थियो। अर्कोतर्फ छात्रवृत्ति वितरण गर्दा गरिब बालबालिकालाई नदिएर दलित र छात्राहरूलाई मात्र प्रदान गरिने भएकोले गरिब तथा जेहेन्दार बालबालिकाले छात्रवृत्तिबाट वञ्चित हुनुपरेको छ। जसले गर्दा उनीहरूको सिकाइ स्तरमा समेत प्रभाव पर्दछ। यदि विद्यालयबाट वितरण हुने छात्रवृत्ति समावेशी ढङ्गबाट गरिएमा सबै बालबालिका त्यसबाट लाभान्वित हुने थिए भन्ने धेरैजसो वि.व्य.स. सदस्यहरू र अभिभावकहरूको थियो। धेरैले रकम कम भएको वा वार्षिक रूपमा प्रदान गरिने उक्त रकमले विद्यार्थीहरूलाई १ महिनाको लागि कापी, कलम किन्न पनि नपुग्ने गुनासो गरेका थिए।

समग्रमा सरोकारवालाहरूको प्रतिक्रियाबाट के बुझ्न सकिन्छ भने यस कार्यक्रमभित्र रहेका, कमी कमजोरीहरूलाई हटाएर यसलाई अझै व्यापक र व्यवस्थित बनाउँदै लग्नाले यसको प्रभाव अझ बढ्ने तथा जुन प्रयोजनका लागि वितरण गरिएको हो। त्यसको उपयोग हुने सही तथा सकारात्मक प्रभाव पर्ने हुन्छ। पाउलो फेरेको उत्पीडनका लागि शिक्षामा

उल्लेख भएझैँ अधिकांश हिंसाहरू बलियोबाट हुने गर्दछ। त्यसैले हिंसाबाट बच्न बलियो बनाउन आवश्यक छ। बलियो बनाउने तरिका शिक्षाले प्रदान गर्दछ। शिक्षा प्रदान गर्ने अवसरमा छात्रवृत्ति सहयोग गरेको पाइन्छ।

यसरी छात्रवृत्ति कार्यक्रमको प्रत्यक्ष प्रभाव समाजसम्म परेको देखिन्छ। छात्रवृत्ति कार्यक्रम छात्रा र दलितलाई प्राथमिकता पार्नु सबै उत्तरदाताले सकारात्मक रूपमा लिएका छन्। यसबाट के भन्न सकिन्छ भने समाजको उत्पीडित भनेका विशेष गरी दलित र महिला नै हुन् र छात्रवृत्ति कार्यक्रम दलित वर्गमा सञ्चालन गर्दा शिक्षाले उनीहरू बलियो बन्छन् र हिंसाबाट बच्न सक्छन्।

यद्यपि समयमा नै छात्रवृत्ति रकम उपलब्ध नहुनु र रकम कम हुनुले भने यो कार्यमा नकारामक असर पर्न सक्ने पनि उत्तिकै रहेको छ। छात्रवृत्ति कार्यक्रमले सबैभन्दा बढी विद्यार्थीहरूको उपस्थिति र उपलब्धिमा परेको देखिनुबाट के स्पष्ट हुन्छ भने बालबालिकाहरूमा छात्रवृत्ति कार्यक्रमको सकारात्मक प्रभाव परेको छ जसले उनीहरू राम्रो परिणाम ल्याउने र विद्यालयमा नियमित उपस्थित हुने गर्दछन्। अर्थात् कुनै कार्यको सकारात्मक प्रभाव परेमा त्यो कार्य उसले निरन्तरता दिन र पूर्ण गर्न चाहन्छ भन्ने कुरा स्पष्ट हुन्छ।

## ४.४ छात्रवृत्ति वितरण प्रक्रियामा उब्जिएका समस्याहरू

आधारभूत तहमा सञ्चालित छात्रवृत्ति कार्यक्रममा रहेका समस्याहरूसँग सम्बन्धित सामुहिक छलफल तथा अन्तर्वार्ता मार्फत् उत्तरदाताहरूसँग प्रतिक्रिया लिइएको थियो। छात्रवृत्ति कार्यक्रमले केही सकारात्मक प्रभाव पारेको देखिए पनि केही नकारात्मक प्रभाव तथा समस्याहरू उब्जाएको पाइयो। ती समस्याहरू विशेष गरी वितरण प्रक्रियामा, विद्यार्थी छनोटमा र रकमको उपयोगको क्षेत्रमा रहेको पाइयो।

### ४.४.१ छात्रवृत्ति वितरणको समय

छात्रवृत्ति वितरणका प्रक्रियामा देखिएको समस्याहरूमा वितरणको समयलाई महत्वपूर्ण मानिन्छ। वितरणको समयको कारणले गर्दा विभिन्न समस्याहरू सिर्जना गरेको कुरा सही समयमा छात्रवृत्ति रकम वितरण नगर्नाले अन्य धेरै समस्याहरू उब्जाएको पाइयो। विद्यार्थीका लागि उपलब्ध रकम विद्यालयसम्म आइ पुग्ने प्रक्रिया लामो भएको कारण समयमा नै वितरण हुन नसकेको कुरा उनीहरूको थियो। यसले गर्दा लक्षित

समुहका बालबालिका अन्य विद्यालय जाँदा तथा अन्य विद्यालयबाट आउँदा छात्रवृत्तिबाट प्राप्त हुने रकमबाट बञ्चित हुने गरेको पाइयो । त्यसैगरी प्रायजसो विद्यालयहरूमा शैक्षिक सत्रको सुरुमा वा अन्त्यमा वितरण गर्ने हुँदा पनि समयको कारणले छात्रवृत्तिबाट बञ्चित हुने गरेकाले विद्यार्थीमा नकारात्मक असर पर्न सक्ने प्रतिक्रिया पाइयो ।

### ४.४.२ छात्रवृत्ति कार्यक्रमको कोटा निर्धारण

छात्रवृत्ति वितरणको कोटा निर्धारणको आधारले पनि निकै ठूलो समस्या उब्जाएको देखिन्छ । वितरणको लागि दलित, छात्रा तथा सीमान्तकृतलाई मात्र वितरण गरिने हुँदा आवश्यकता भएका छात्र तथा गैरदलित विद्यार्थीहरू यो रकमबाट वञ्चित हुने गरेका छन् । जसले गर्दा उनीहरूमा पढाइप्रति नकारात्मक प्रभाव पर्ने अभिभावक तथा शिक्षकहरूले बताएका थिए । जति मेहेनत गरे पनि छात्रवृत्ति पाइँदैन भने यस्ता बालबालिकाहरू पढाइप्रति नैराश्य हुने वा पढ्न अल्छी गर्ने गरेको समेत पाइयो । यसरी हेर्दा विद्यार्थी छनोटको आधारले ठूलो समस्या उब्जाएको देखिन्छ । समग्रमा हेर्दा छात्रवृत्ति कार्यक्रम भित्रको वितरण प्रक्रियाले गर्दा निकै समस्याहरू पर्ने गरेको देखिन्छ । समयमा नै वितरण नगरिँदा लक्षित समूहहरू छुट्ने, यसको प्रभावकारिता कम हुने जस्ता समस्या उब्जाएको देखिन्छ । सरकारले नै वितरणको आधार जातीय र लैङ्गिकलाई मानेकाले वञ्चित समूहमा नकारात्मक प्रभाव पार्ने, विद्यार्थीहरू पढाइप्रति नैराश्य हुने देखिन्छ । छात्रवृत्ति पाउनेहरूलाई सकारात्मक प्रभाव पारे पनि नपाउनेहरूलााई नकारात्मक प्रभाव पारेकाले थर्नडाइकले भनेझैँ उनीहरू पढाई कार्यबाट मुक्त हुन खोजेको समेत देखियो ।

### ४.४.३ छात्रवृत्तिमा प्रदान गरिने रकम न्यून

छात्रवृत्ति वितरण प्रक्रियाभित्रको अर्को समस्या यसमा प्राप्त रकमलाई लिइएको पाइयो । छात्रवृत्ति वापत प्रदान गरिँदै आएको रकम अति नै न्युन र भएकाले यसले समस्या उब्जाएको पाइयो । लक्षित समुहको विद्यार्थीलाई वितरण गरिएको छात्रवृत्ति वापत रकमले एक महिनालाई एक विद्यार्थीलाई आवश्यक पर्ने कापी, कलम, झोला किन्न समेत नपुग्ने देखियो । प्राय:जसो अभिभावक, शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियामा पनि छात्रवृत्ति वापत प्राप्त हुने रकम ज्यादै न्युन भएको कुरा पाइयो । विद्यार्थीलाई एक शैक्षिक सत्रभरि चाहिने शैक्षिक सामग्री किन्न पनि नपुग्ने उनीहरूको प्रतिक्रिया पाइयो । दलित, गरिब तथा जेहेन्दार छात्र, अपाङ्ग, सीमान्तकृत आदि सबैलाई समेटेर उनीहरूको शैक्षिक स्तर उकास्न

तथा उनीहरूलाई पनि राष्ट्रको मूल प्रवाहमा ल्याउन छात्रवृत्ति रकम न्युन भएकाले समस्या उत्पन्न हुने हुँदा छात्रवृत्ति रकम वृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.४.४ छात्रवृत्तिबाट प्राप्त नगदको दुरूपयोग

छात्रवृत्ति रकम नगद नै दिँदा यसको दुरूपयोग हुने गरेको समस्या यस कार्यक्रमले ल्याएको सबैभन्दा ठूलो समस्या रहेको कुरा प्रायः सबै उत्तरदाताहरूको रहेको थियो । रकम सोझै विद्यार्थीहरूले प्रयोग गर्न नपाउने र अभिभावकहरूले घरायसी काममा प्रयोग गर्ने गरेको अभिभावक स्वयम्ले बताएका थिए । विद्यार्थीहरूले आफैं खर्च गर्दा पनि शैक्षिक सामग्रीभन्दा पनि अन्य मनोरञ्जनका सामग्री तथा लत्ता, कपडा, खाजा खर्च आदिमा खर्च गर्ने गरेको बताए । यसबाट छात्रवृत्ति रकमको दुरूपयोगको समस्या यस कार्यक्रमभित्र निकै विकराल रूपमा रहेकाके देखिन्छ । यसरी हेर्दा छात्रवृत्ति कार्यक्रमको रकमले गर्दा पनि निकै समस्याहरू उब्जाएको देखिन्छ । रकम न्यून हुनाले यस कार्यक्रम अपेक्षा गरेको उपलब्धि प्राप्त गर्न समस्या आउने देखिन्छ भने छात्रवृत्तिको रूपमा प्राप्त नगद नै दिँदा दुरूपयोग हुने समस्या बढी देखिन्छ ।

### ४.४.५ प्रशासनको कमजोर अवस्था

छात्रवृत्ति वितरण प्रक्रियामा देखिएको अर्को ठुलो समस्या प्रशासनको कमजोर अवस्था रहेको छ । प्रशासनको लापरवाहीले गर्दा पनि विद्यालयमा सही समयमा छात्रवृत्ति रकम वितरण नहुने गरेको पाइयो । विद्यालय प्रशासनमा पनि शिक्षक, अभिभावक, वि.व्य.स. तथा अन्य सरोकारवालाहरूबीच समन्वयको अभाव रहेको पाइयो । छात्रवृत्ति वितरण गर्दा विद्यार्थीका सम्बन्धित अभिभावकलाई जानकारी नगराई विद्यार्थीलाई नै रकम प्रदान गरिएको पनि पाइयो । यसले गर्दा वितरण प्रक्रियामा ठुलो समस्या उब्जाएको छ । प्रशासनको कमजोरीले गर्दा विद्यार्थीको शैक्षिक स्तरमा समेत प्रभाव पार्ने गरेको पाइयो ।

## ४.५ छात्रवृत्ति वितरण प्रक्रियामा उब्जिएका समस्या समाधानका उपायहरू

आधारभूत तहको वर्तमान छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरूको समाधानका सम्बन्धमा उत्तरदाताहरूको प्रक्रिया यसप्रकार रहेको थियो ।

वर्तमान छात्रवृत्ति कार्यक्रम कसरी सञ्चालित छ, कस्ता विद्यार्थीहरूलाई प्रदान गरिन्छ भन्ने विषयमा अभिभावकहरू व्यापक अन्यौल रहेको देखिएकाले उनीहरूलाई

विद्यार्थी छनोटका आधारहरूका बारे जानकारी गराउनु आवश्यक रहेको देखियो। उनीहरूका अनुसार अहिलेको छात्रवृत्ति कार्यक्रमको बारेमा अभिभावकलाई वास्तविकताको बारेमा जानकारी गराउनु आवश्यक रहेको देखिन्छ। विद्यार्थी छनोट गर्दा स्थानीय अभिभावकहरूलाई सामेल गराउनुपर्ने देखिन्छ। प्राप्त छात्रवृत्ति अति छिटो वा ढिलो वितरण गर्ने गरेकोले खासगरी प्रभावकारी नहुने भएकाले छात्रवृत्ति रकम अघि आउने र पछि जानेलाई नछुट्ने गरी समय मिलाएर वितरण गरिने छ। छात्रवृत्तिको आधार जातीय र लैङ्गिक मात्र नभई गरिब तथा जेहेन्दारलाई पनि छात्रवृत्ति दिनुपर्दछ। छात्रवृत्ति नगद रूपमा दिँदा केही अभिभावकहरूले उक्त रकम दुरूपयोग गर्ने तथा घरायसी काममा खर्च गर्ने गरेकाले नगदभन्दा आवश्यक शैक्षिक सामग्री खरिद गर्ने गरेकाले नगदभन्दा आवश्यक शैक्षिक सामग्री खरिद गरी विद्यालयमा नै वितरण गर्नु राम्रो हुने कुरा पाइयो। शिक्षक र विद्यार्थी, अभिभावक तथा वि.व्य.स. सदस्यहरूले छात्रवृत्ति रकम अत्यन्त न्यून भएकाले रकम वृद्धि गर्नुपर्ने विचार राखेका थिए। जसले गर्दा कार्यक्रमले उब्जाएका समस्याहरू समाधानका उपायहरू भएको प्रतिक्रिया पाइयो।

वर्तमान छात्रवृत्ति वितरण प्रक्रियामा देखिएका समस्याका समाधानका उपायहरूलाई निम्न बुँदमा प्रष्ट पार्ने कोसिस गरिएको छ :

## ४.५.१ छात्रवृत्ति विवरण उपयुक्त समयमा गरिनुपर्ने

छात्रवृत्ति वापत प्राप्त हुने रकम विद्यार्थीलाई उपयुक्त समयमा वितरण गरिनुपर्ने देखिन्छ ताकी यस्तो समस्याबाट मुक्ति पाउन सकिन्छ। वितरणको समयको कारणले गर्दा धेरै विद्यार्थीहरू छात्रवृत्तिबाट बञ्चित हुने गरेको पाइयो। यसले विद्यार्थीको शैक्षिक स्तरमा प्रभाव पार्ने हुनाले छात्रवृत्ति वितरण सही समयमा गरिनुपर्ने देखिन्छ। साथै विद्यालयको छात्रवृत्ति वितरण गर्दा शैक्षिक सत्रको सुरु र अन्त्यमा नगरी तीन चरणमा गर्दा राम्रो हुने देखिन्छ। यसबाट लक्षित समुहका सबै बालबालिकाहरूले यसको सही उपयोग गर्न पाउने छन्।

## ४.५.२ सबै कोटा निर्धारणमा भेदभाव नगर्ने

कोटा निर्धारणले गर्दा छात्रवृत्ति वितरणमा समस्या उब्जाएको पाइयो। यसको समाधानमा लागि कोटा निर्धारण गर्दा दलित, छात्रा, सीमान्तकृत मात्र नभएर गरिब तथा जेहेन्दार अन्य पिछडिएका वर्ग तथा शिक्षाको पहुँचबाट बाहिर रहेका सबैलाई मध्यनजर गर्दै

छात्रवृत्ति उपलब्ध गराउनु पर्दछ। छात्रवृत्ति वितरणमा भेदभावपूर्ण व्यवहारले गर्दा विद्यार्थीको मनोबल गिर्ने, पढाइप्रति रुचि कम हुने गर्दछ। त्यसैले छात्रवृत्ति वितरण गर्दा विना भेदभाव पूर्ण रूपले कोटा निर्धारण गर्नुपर्दछ र यसको समस्याबाट भेलिनु पर्ने देखिँदैन।

## ४.५.३ छात्रवृत्ति रकम वृद्धि

छात्रवृत्ति वितरण प्रक्रियामा रहेको न्युन रकमले ठुलो समस्या निम्त्याएको देखिन्छ। छात्रवृत्ति वापत प्राप्त रकम ज्यादै न्युन भएकाले विद्यार्थीको एक शैक्षिक सत्रभरि चाहिने पोसाक, कापी, कलम पनि किन्न नपुग्ने रकम पाइयो, त्यसैले यस्तो समस्याका कारण कति बालबालिकाहरू विद्यालय बाहिर रहेका छन्। विद्यालयको पहुँचभित्र अर्थात् शिक्षाको पहुँचमा ल्याउन छात्रवृत्ति रकममा वृद्धि गर्नुपर्ने हुन्छ। छात्रवृत्ति रकम वृद्धि गर्न सकिएमा दलित, गरिब, जेहेन्दार पिछडिएका वर्गका बालबालिकाहरूलाई शिक्षाको मूल धारमा ल्याउन सकिन्छ।

## ४.५.४ छात्रवृत्ति वापत शैक्षिक सामग्रीको वितरण

छात्रवृत्ति रकम नगद नै दिँदा यसको दुरूपयोग हुने गरेको समस्या देखियो। त्यसले यस्ता समस्याबाट बच्नका लागि नगदको सट्टा छात्रवृत्ति वापत विद्यार्थीलाई चाहिने शैक्षिक सामग्री नै वितरण गर्दा उपयुक्त हुने देखिन्छ। यसबाट विद्यार्थी र अभिभावकले छात्रवृत्ति रकमको दुरूपयोग पनि गर्न नपाउने हुन्छ। विद्यार्थी तथा अभिभावकलाई फाइदाजनक पनि हुन्छ। शैक्षिक सामग्री वितरण गर्दा विद्यार्थी स्वयंको लागि उपयोग हुने र सिकाइमा समेत सहयोग पुग्ने हुँदा विद्यार्थीका लागि राम्रो हुने देखिन्छ।

## ४.४.५ प्रशासनमा सुधार

प्रायःजसो छात्रवृत्ति रकम प्रधानाध्यापकको एकलौटी निर्णयमा वितरण हुने गरेको देखिन्छ। छात्रवृत्ति वितरण गर्दा सम्बन्धित विद्यार्थी र उनीहरूका अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति सबैलाई जानकारी गराएर मात्र वितरण गरिनुपर्दछ। प्रशासनभित्रका कर्मचारीले गर्दा सम्बन्धित सरोकारवाला छात्रवृत्ति वितरणबारे जानकारी नदिई वितरण हुने गरेकाले विवरण प्रक्रियामा समस्या देखिने गर्दछ। यसका लागि अभिवभावक, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवाला सबैलाई भेला गराई जानकारी दिई छात्रवृत्ति वितरण गर्दा विद्यार्थी, अभिभावक सबै लाभान्वित हुने देखिन्छ।

# परिच्छेद पाँच : निष्कर्ष तथा सुझाव

## ५.१ प्राप्ति

झापा जिल्लाको बाह्रदशी गाउँपालिका अन्तर्गत पर्ने बाह्रदशी स्रोतकेन्द्रका तीनवटा सामुदायिक विद्यालयहरू लिइएको छ । शैक्षिक सत्र २०६७ भन्दा अगाडि कुल भर्ना भएका छात्राहरू मध्ये ५०% लाई मात्र छात्रवृत्ति प्रदान गरेको पाइयो । २०६७ पछि मात्र प्राथमिक तहमा भर्ना भएका सम्पूर्ण दलित र छात्राहरूलाई छात्रवृत्ति रकम आउन थालेको कुरा थाहा पाइयो । शैक्षिक सत्रको सुरुमा र अन्त्यमा छात्रवृत्ति प्रदान गरिँदा विद्यालय छोडेर जाने र अर्को विद्यालयबाट आउने बालबालिकालाई छात्रवृत्तित्रबाट वञ्चित हुनुपर्ने जानकारी पाइयो ।

दलित छात्रा र सीमान्तकृतलाई मात्र छात्रवृत्ति प्रदान गरिने हुँदा गरिब तथा जेहेन्दार विद्यार्थीहरू यसबाट वञ्चित हुने गरेको पाइयो । शै.स. २०७३ मा छात्रवृत्ति रकमसम्बन्धी अध्ययन गर्दा दलितलाई रु. ५०० छात्रा ५०० र सिमान्तकृतलाई पनि रु. ५०० प्रदान गरेको पाइयो । छात्रवृत्ति वापत प्राप्त हुने रकम शैक्षिक क्षेत्रमा भन्दा अन्य क्षेत्रमा खर्च हुने गरेको पाइयो । छात्रवृत्ति प्राप्त विद्यार्थीका लागि यसले सकारात्मक प्रभाव पारेको पाइयो ।

छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूको बीचको उपलब्धि भिन्नता रहेको पाइयो । श्री पशुपति मा.वि.मा अध्ययनरत कक्षा ४ र ५ का छनोटमा परेका विद्यार्थीहरूको प्राप्ताङ्क क्रमशः ४१९, ३८२, ४३८ र ३८८ छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको रहेको पाइयो । यस्तै छात्रवृत्ति नपाउनेको क्रमशः ३३४, २१७, २७६, ३३९ रहेको पाइयो । छात्रवृत्ति पाउनेको भन्दा नपाउनेको सिकाइ उपलब्धि कम रहेको पाइयो । छात्रवृत्ति नपाउनेलाई नकारात्मक प्रभाव पारेको पाइयो ।

त्यस्तै श्री भगवती आधारभूत विद्यालयमा पनि छात्रवृत्ति प्राप्त विद्यार्थीको सिकाइ उपलब्धिमा भन्दा नपाउनेको सिकाइ उपलब्धि कम रहेको पाइयो । श्री फूलबारी मा.वि.मा पनि पाउनेको भन्दा नपाउनेको प्राप्ताङ्क केही न केही मात्रामा कम रहेको पाइयो ।

छात्रवृत्तिले विद्यालयमा विदार्थी उपस्थितिमा पनि प्रभाव पार्ने कुरा थाहा पाइयो । छात्रवृत्तिले विद्यार्थीलाई उपस्थितिमा नियमितता गराउन मद्दत गर्ने गरेको पाइयो । वर्तमान

छात्रवृत्ति कार्यक्रमको सम्बन्धमा उत्तरदाताहरूको प्रतिक्रिया बुझ्दा छात्रवृत्तिले सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्ने गरेको पाइयो ।

छात्रवृत्तिकका लागि विद्यार्थी छनौट गर्दा जातीय र लैङ्गिक आधारमा वितरण गरिने गरेको पाइयो । जातीय र लैङ्गिक आधारमा नगरी दलित, गरिब तथा जेहेन्दारको आधारमा वितरण गर्नुपर्ने राय पनि पाइयो ।

छात्रवृत्ति कार्यक्रमले विद्यार्थीलाई पढाइप्रति हौसला तथा उत्प्रेरित गर्ने गरेको पाइयो । छात्रवृत्ति वितरणमा कोटा निर्धारण वितरणको आधार, न्युन रकम र रकमको दुरूपयोग आदि समस्या रहेको पाइयो । दलित बालबालिका शैक्षिक सहभागिता बढाउनका लागि छात्रवृत्ति कार्यक्रमले धेरै सहयोग प्रदान गरेको पाइयो ।

दलित छात्रवृत्तिको सही सदुपयोग गर्न सम्बन्धित सरोकारवाला पक्षहरूले सहयोग गरी छात्रवृत्ति कार्यक्रमका समस्याहरू हटााउन जुन प्रयोजनको लागि हो त्यसैको लागि खर्च गर्न अभिभावकहरू जागरुक हुनुपर्ने विद्यार्थीलाई नगदको सट्टामा शैक्षिक सामग्री उपलब्ध गर्नुपर्ने न्यून भएको रकमलाई बढाउँदै लैजानुपर्ने शिक्षा नितिलाई समयानूकुल परिवर्तन गर्दै जानुपर्ने आदि उपायहरू प्रदान गरेको पाइयो ।

## ५.२ निष्कर्ष

सन् २०१५ सम्ममा सबैको लागि शिक्षाको नारालाई साकार पार्नको लागि विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँच पुऱ्याउने प्रतिबद्धता सरकारले जाहेर गरे पनि सामुदायिक विद्यालयमा बर्सेनी बालबालिकाको सङ्ख्या घट्दै जानु विदालयमा नियमित उपस्थित नहुनु, कक्षा छोड्ने दर उच्च हुनु रहेको पाइयो । अध्ययनको शिलशिलामा वस्तुगत तथा यथार्थ तथा सङ्कलनका लागि बाह्रदशी स्रोतकेन्द्रका तीनवटा सामुदायिक विद्यालयमा छात्रवृत्ति कार्यक्रमको वर्तमान अवस्था, सन्तोषजन नभएको देखियो । त्यस्तै त्यसको प्रभाव र विद्यार्थीको उपलब्धिमा भएको भिन्नताले यसले नकारात्मक प्रभाव पनि पार्ने गरेको देखियो । छात्रवृत्तिले उपस्थितिमा नियमितता देखिए तापनि सन्तोषजन भने छैन । छात्रवृत्ति नपाउनेले नियमित उपस्थिति नहुनु उनीहरूको पढाइस्तर खस्कनु, रकमको सहसदुपयोग नहुनु, समस्या जटिल रूपमा देखिनुले यी बालबालिकाको शैक्षिक अवस्था नाजुक र समस्यामूलक अवस्थामा रहेको छ ।

छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा गरिब, दलित तथा सामाजिक रूपले पिछडिएका बालबालिकाहरूलाई पहिचान गरी छनोट गर्नुपर्ने देखियो । छात्रवृत्ति छनौट कार्य प्र.अ.को एकलौटी निर्णयमा छनौट हुने गरेको पाइयो । विद्यालयमा अभिभावक नबोलाइ विद्यार्थीलाई भर्पाइ गराएर रकम जिम्मा लगाउने गरेको पाइयो । वर्तमान समयमा विद्यालयले शै.स.को सुरुवातमै छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो । छात्रवृत्ति वापत प्राप्त रकम प्रायजसो पोसाक, कापी, कलम किन्नमा प्रयोग गरेको पाइन्छ । विद्यार्थीलाई दिइने रकम अभिभावकको हातमा नपरेको पनि गुनासो पाइयो ।

छात्रवृत्ति कार्यक्रमभित्र धेरै समस्याहरू पनि रहने गरेको देखिन्छ । वितरणको, छनौटको, रकमको, उपयोगको आदि रहेको पाइयो । दलित समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरी शिक्षा प्रति अभिरुची जगाउन आजको आवश्यकता रहेको छ ।

समस्टिगत रूपमा भन्नुपर्दा आधारभूत तहमा छात्रवृत्ति वितरणको कार्यक्रम दलित, छात्रा तथा सिमान्तकृतलाई बौद्धिक प्रोत्साहन गर्नका लागि विद्यालय पढाउने एक विश्वसनीय उपाय छात्रवृत्ति हो भन्न सकिन्छ । वर्तमान स्थितिमा वितरित छात्रवृत्ति लक्षित समूहसम्म पुगेको र अधिकांशले रकमको उचित प्रयोग गरेको पाइयो । त्यस्तै छात्रवत्तिको उपयोगिता तथा महत्व बढ्दै गएको, यसप्रति अभिभावकहरूले पनि चासो र जानकारी लिन थालेको पाइयो । आधारभूत तहको छात्रवृत्तिको आवश्यकता र प्रभावकारितालाई ध्यानमा राखी लैङ्गिक र जातीय आधारमा नगरी पिछडिएका गरिब तथा जेहेन्दार सबैको आवश्यकता परिमार्जन गरी कार्यान्वयन गर्नु राम्रो मान्न सकिन्छ ।

## ५.३ सुझावहरू

यो शोधकार्यको अध्ययन अनुसन्धानबाट प्राप्त परिणामको आधारमा नीति निर्माण गर्ने तहमा रहेका सम्बन्धी सरोकारवाला पक्षहरूदेखि लिएर कार्यान्वयन गर्ने तहसम्म रहेका सम्पूर्णका लागि सुझावहरू प्रस्तुत गरिएको छ । साथै यस अध्ययनको विषयसँग निकट सम्बन्ध राखेर खोज अनुसन्धान गर्न खोज्ने पक्षहरूका लागि पनि सुझावहरू प्रस्तुत गरिएको छ । आधारभूत विद्यालयका दलित तथा पिछडिएको वर्गका बालबालिकाहरूलाई छात्रवृत्तिले पार्ने सकारात्मक तथा नकारात्मक प्रभाव, छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीको उपलब्धि बीचको अन्तर, छात्रवृत्ति वितरणको आधार, त्यसमा भएका समस्यादेखि लिएर

समाधानका उपायहरू सम्बन्धमा नीतिगत, अभ्यासगत र अनुसन्धानगत तहमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

छात्रवृत्ति कार्यक्रममा दलित, छात्रा र सीमान्तकृत बालबालिकालाई मात्र जोड दिइएकोले सम्पूर्ण बालबालिकाहरूलाई समेट्न सकिएको छैन, यसको व्यापक प्रचार प्रसार र सम्बन्धितधत पक्षलाई जानकारीको अभाव छ। वितरण प्रक्रिया र समय अव्यवहारिक देखिन्छ। यी सबै कुराहरूलाई कमध्ध्यनजर नीति निर्माण गर्नुपर्ने देखिन्छ। छात्रवृत्तिकाके सङ्ख्या र आकारलाई वृद्धि गरी प्रत्येक आवश्यकता भएका बालबालिकाहरूको शिक्षाको अवसर लागत र शैक्षिक लागत समावेश हुने बनाउनु पर्ने, सबै कक्षाहरूमा उत्कृष्ट कार्यक्षमता हुने विद्यार्थीहरूको लागि दलित, जनजाति, सिमान्तकृत जस्ता समूहका वर्गीकरणबाट पर्ने मानसिक असरबाट रोक्न छात्रवृत्ति प्रदान गर्नुपर्ने नीति पुर्नविचार गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

छात्रवृत्ति सम्बन्धी सम्पूर्ण कार्य विद्यार्थी छनौट, वितरण प्रक्रिया, कोटा निर्धारण आदि योजना तहको निर्देशन अनुसार गर्नुपर्ने प्रथाको अन्त्य गरी छात्रवृत्ति सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय निकाय वा विद्यालयलाईइ प्रदान गर्न आवश्यक नीति बनाउनुपर्ने आवश्यकता देखिन्छ। समय अनुरूप छात्रवृत्ति रकममा वृद्धि गर्नुपर्ने र छात्रवृत्ति वकार्यक्रमसँगै अन्य प्रोत्साहन कार्यक्रमहरूलाई पनि एकिकृत रूपमा लैजानुपर्ने देखिन्छ ।

### ५.३.२ अभ्यास तह

अभ्यास तह कार्यान्वयन तह हो। नीति निर्माण तहमा जति राम्रा नीति बने पनि सालको कार्यान्वयन हुन नसकेमा जसको कुनै अर्थ हुँदैन। वर्तमान छात्रवृत्ति कार्यक्रममा पनि अभ्यास तहमा केही कमजोरी र त्रुटिहरू पाइएका छन् ।

छात्रवृत्ति रकम दामासाही रूपमा बाँडेर दिने परिपार्टी रोकेर लक्षित समूहलाई नै पुरै छात्रवृत्ति प्रदान गरिनुपर्ने छात्रवृत्ति रकमको दुरूपयोग हुने सम्भावना रोक्न, शैक्षिक सामग्री खरिद गरी वितरण गर्नुपर्ने तथा स्थानीय स्तरमा पनि छात्रवृत्ति कोटाको स्थापना गरी अभ्यासमा ल्याई दलित बालबालिकालाई सरकार तथा विद्यालयको तर्फबाट छात्रवृत्ति, शैक्षिक सामग्री, पोसाक आदि सुविधाहरू उपलब्ध गराउनुपर्छ। राज्यले दिएको शीर्षकबाट

नसमेटिएका तर आवश्यकता भएका विद्यार्थीहरूलाई गाउँपालिका, नगरपालिका तथा विद्यालयको आफ्नै कोषबाट छात्रवृत्तिको व्यवस्था गराउनु पर्दछ ।

अभिभावक भेलाको आयोजना गरी छात्रवृत्ति रकमको सदुपयोग सम्बन्धी कार्यक्रम गरी जानकारी दिनुपर्ने देखिन्छ । रकम प्राप्त हुन हुनासाथ विद्यालयले कार्यक्रम आयोजना गरी अभिभावक, वि.व्य.स.को रोहवरमा विद्यार्थीलाई नै उक्त रकम प्रदान गरिनुपर्ने, प्रोत्साहन कार्यक्रमहरू सुपरिवेक्षण गर्न र मूल्याङ्कन गर्न स्थानीय निकायलाई पूर्ण अधिकार प्रदान गर्ने जस्ता कार्य अभ्यास तहबाट भई गर्नुपर्ने हुन्छ । त्यस्तै विद्यालयमा आएका लक्षित समूहलाई विद्यालयमा टिकाइ शान्त छात्रवृत्ति रकम शै.स.को सुरुमा बीचमा र अन्त्यमा गरी तीन चरणमा वितरण गर्नुपर्ने र वितरण कर्तालाई चरणबद्ध र विश्वसनिय बनाउन सक्नुपर्दछ ।

दलित समुदायका बालबालिकाहरूको शैक्षिक स्तर उकास्न राष्ट्र विद्यालय र सम्बन्धित पक्षले उनीहरूको समस्या बुझी छात्रवृत्तिको रकम वृद्धि गर्नुपर्ने हुन्छ । विद्यालयले विद्यार्थीको सिकाइ स्तरमा छात्रवृत्तिको प्रभाव बुझि यसको सदुपयोगको लागि कार्यक्रमको योजना तर्जुमा गर्नुपर्ने हुन्छ । त्यस्तै वि.व्य.स. पदाधिकारीहरूले पनि छात्रवृत्ति सम्बन्धी चासो राखी यसको वितरण सदुपयोग गर्ने कुरामा जानकारी राखी यसको कार्यान्वयनमा सहयोग गर्नुपर्ने हुन्छ ।

सम्बन्धित विद्यालयका विद्यालय निरिक्षक, स्रोतव्यक्तिले वर्तमान निरिक्षण प्रणालीमा सुधार गर्नुपर्ने, अनुगमन नियमित गर्नुपर्ने, प्रधानाध्यापक तथा शिक्षकहरूलाई सकारात्क सल्लाह, सुझाव तथा शैक्षिक परामर्श प्रदान गर्नुपर्ने हुन्छ । साथै विद्यार्थी अभिभावकहरूलाई छात्रवृत्ति सम्बन्धी जानकारी दिन कार्यक्रम आयोजना गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

### ५.३.३ अनुसन्धान तह

यो अध्ययन सीमित प्रयोजनको लागि मात्र तयार गरिएकोले यसले सम्पूर्ण छात्रवृत्ति कार्यक्रमको क्षेत्रलाई समेट्न सकेको छैन । यो एकदमै सानो प्रयास मात्र हो । त्यसैले सम्भव भएसम्म यसै शीर्षकमा बृहत् अनुसन्धान गरिएमा प्रभावकारी हुनेछ । यसबाहेक विभिन्न क्षेत्रभित्र रहेर छात्रवृत्ति सम्बन्धी थप अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

विद्यालय तहमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थिति, संस्थागत विद्यालयहरूमा छात्रवृत्ति कार्यक्रमको अवस्था जस्ता पक्षमा अनुसन्धान गर्नाले तथा छात्रवृत्ति

कार्यक्रममा लक्षित समूहहरूको पहुँचको स्थितिको बारेमा अध्ययन गर्नाले यस कार्यक्रमको थप जानकारी पाउन सकिन्छ। आधारभूत तहको छात्रवृत्ति कार्यक्रमले विद्यालयको अरू तहको छात्रवृत्ति सम्बन्धी जानकारी पाउन सकिन्छ। स्थानीय निकायहरूले छात्रवृत्ति कार्यक्रमका लागि चालेका प्रयासहरू, विद्यालयमा सञ्चालित दलित छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थिति, विद्यालयमा बालबालिकाहरूको सहभागिता वद्धि गर्न, उपस्थितिमा नियमितता गर्न, सञ्चालित प्रोत्साहन कार्यक्रमहरूको अवस्था र माध्यमिक तहमा छात्रवृत्ति कार्यक्रमको अवस्था र माध्यमिक तहमा छात्रवृत्ति कार्यक्रमको अवस्था जस्ता पक्षहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ।

उल्लेखित सुझावहरूलाई मनन गरेर दलित छात्रवृत्ति सम्बन्धी अध्ययन गर्ने व्यक्ति, संघसंथा, निकायलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सहायक सिद्ध हुन सक्छ। अध्ययन अनुसन्धानका लागि थप विभिन्न शीर्षकमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ। अनुसन्धान गर्ने तहका लागि निम्न शीर्षक उपशीर्षकमा अध्ययन अनुसन्धान गर्न सकिनेछ।

पिछडिएको वर्गलाई छात्रवृत्तिको आवश्यकता,

विद्यालयमा छात्रवृत्तिको प्रभावकारिता,

छात्रवृत्ति कार्यक्रमले विद्यार्थी उपस्थितिमा पार्ने प्रभाव,

छात्रवृत्तिले सिकाइ उपलब्धिमा पार्ने सकारात्मक प्रभाव

छात्रवृत्ति कार्यक्रम कार्यान्वयन देखिएका समस्या

माथि उल्लेखित शीर्षकहरूमा अनुसन्धान तहले थप अध्ययन अनुसन्धान गरी छात्रवृत्ति सम्बन्धी थप जानकारी प्राप्त गर्न सकिनेछ। साथै छात्रवृत्तिमा भएका कमी कमजोरीहरू पत्ता लगाइ समाधानका उपायहरू सुझाउन समेत मद्दत गर्नेछ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, विष्णुप्रसाद (२०६७) *शिक्षासेवा प्राविधिक सहायक,* काठमाडौँः आशिष पुस्तक भण्डार, बागवजार ।

खनाल, पेशल (२०६५) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँः सनलाइट पब्लिकेशन कीर्तिपुर ।

जनमुखी शिक्षा (२०६३) काठमाडौँः जनमुखी शिक्षा सरोकार मञ्च ।

*नेपालको अन्तरिम संविधान* (२०६३), काठमाडौँः कानून किताब व्यवस्था समिति ।

भण्डारी, भवानीप्रसाद *(२०६८) प्राथमिक तहमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम, धनकुटाः* अप्रकाशित शोधपत्र, एम.एड. त्रि.वि.।

शर्मा, कुवेरनाथ (२०६१) *शिक्षाको दर्शन शास्त्रीय एवम् समाजशास्त्रीय आधार,* काठमाडौँः रत्न पुस्तक भण्डार ।

साहु, उमेशकुमार (२०७२) *छात्रवृत्ति कार्यक्रमको शिक्षण सिकाइमा प्रभाव,* गौरादहः अप्रकाशित शोधपत्र, एम.एड. त्रि.वि.।

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : १

## प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ.को नाम :

१. तपाईको विद्यालयमा कति प्रकारका छात्रवृत्ति सञ्चालन गरिँदै आएका छन् ?

२. तपाईँलाई सञ्चालित छात्रवृत्ति कार्यक्रम कस्तो लाग्छ र किन ?

३. हाल सञ्चालित छात्रवृत्ति कार्यक्रममा विद्यार्थी छनोट कसरी गर्ने गर्नुभएको छ ?

४. कुन कुन शीर्षकमा छात्रवृत्ति वितरण गर्दै आउनुभएको छ ?

५. तीमध्ये दलित छात्रवृत्ति कति जनाले पाए ?

६. तपाईँको विद्यालयमा छात्रवृत्तिको लागि शैक्षिक सत्र जम्मा कति रकम प्राप्त भयो ?

७. के तपाईँको विचारमा छात्रवृत्ति वापत दिइने उक्त रकम ती विद्यार्थीका लागि प्रर्याप्त छ ?

८. छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीहरूमा कसको उपलब्धि राम्रो छ ?

९. छात्रवृत्ति कार्यक्रमले कति विद्यार्थीहरूको उपस्थिति नियमित देखिन्छ ?

१०. वर्तमान छात्रवृत्ति कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू के के देख्नुहुन्छ ?

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : २

## छात्रवृत्ति प्राप्त विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम :

१. तिमीलाई विद्यालयबाट कुन कुन चिज प्राप्त हुन्छ ?

२. ती वस्तु पाउँदा तिमीलाई कस्तो लाग्दछ ?

३. छात्रवृत्तिको रकम कसले प्रदान गर्दछ ?

४. कति रूपैयाँ दिन्छन् ?

५. त्यो पैसा आफैँ राख्छौ कि आमा बुबालाई दिन्छौ ?

६. आमा बुबालाई दिने भए उहाँहरूले के मा खर्च गर्नुहुन्छ ?

७. विद्यालयमा भर्ना भएदेखि कति कति कक्षामा छात्रवृत्ति पाएका छौ ?

८. तिम्रो कक्षाको सबै साथीलाई छात्रवृत्ति मिल्यो कि मिलेन ?

९. छात्रवृत्तिले तिम्रो पढाईमा सहयोग गरेको छ ?

१०. छात्रवृत्ति पाएदेखि विद्यालय नियमित जाने गरेको छौ कि छैनौ ?

११. विद्यालयमा छात्रवृत्ति वितरण गर्दा बुबाआमालाई बोलाइन्छ कि बोलाइँदैन ?

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ३

## छात्रवृत्ति नपाउने विद्यार्थीको लागि प्रश्नावली

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम :

१. तिमीले पहिले कुनै कक्षामा छात्रवृत्ति पाएका थियौ ?

२. के तिमीलाई छात्रवृत्ति रकम पाउनुपर्ने जस्तो लाग्दैन ?

३. किन तिमीलाई छात्रवृत्ति नदिएको होला ?

४. तिम्रो विचारमा छात्रवृत्ति पाउनुपर्ने सबै साथीहरूले छात्रवृत्ति पाएजस्तो लाग्छ ?

५. यदि तिमीले छात्रवृत्ति पाएको भए के काममा खर्च गर्ने थियौ ?

६. तिमी विद्यालय सँधै आउँछौ ?

७. कक्षामा शिक्षकले सोध्दा तिमीलाई बढि आउँछ कि छात्रवृत्ति पाउने साथीलाई बढि आउँछ ?

८. तिम्रो विद्यालयमा छात्रवृत्ति कसले प्रदान गर्दछ ?

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ४

## विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका अन्तर्वार्ता फाराम

नाम :- शैक्षिक योग्यता :-

पद :- कार्य अनुभव :-

ठेगाना :- विद्यालय :-

१. तपाईलाई प्राथमिक तहको छात्रवृत्ति कार्यक्रम कस्तो लाग्छ र किन ?

२. तपाईको विद्यालयमा कस्ता कस्ता छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन भएका छन् ?

३. के तपाईको विद्यालयमा सरकारी तवरबाट बाहेक स्थानीय स्तरमा प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको छ ?

  क) यदि छ भने विद्यार्थी छनौट कसरी गर्नुहुन्छ ?

  ख) यस्तो छात्रवृत्ति गत साल कति जना र कस्ता विद्यार्थीलाई दिनुभयो ?

४. प्राथमिक तहमा सरकारी तवरवाट दिइने छात्रवृत्ति कार्यक्रम कसरी गर्दै आउनु भएको छ ?

  क) विद्यार्थी छनौटका आधारहरू के के हुन् ?

  ख) छात्रवृत्ति वितरण कुन समयमा र कसरी गर्नुहुन्छ ?

५. छात्रवृत्ति वापत तपाईको विद्यालयमा कति रकम प्राप्त हुन्छ ?

६. छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको उपलब्धिमा कस्तो प्रभाव पार्छ जस्तो लाग्छ ?

७. वर्तमान छात्रवृत्ति कार्यक्रममा सुधार गर्नु पर्ने पक्षहरू के के देख्नुभएको छ ?

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ५

## छात्रवृत्ति पाउने विद्यार्थीहरूका अभिभावकका लागि अन्तर्वार्ता फाराम

उत्तर दाताको नाम :- उमेर :- लिङ्ग :-

ठेगाना :- परिवारको किसिम :-

१. पारिवारीक विवरण

| क. सं. | नाम | उमेर | लिङ्ग | उत्तरदातासँगको सम्वन्ध | विद्यालय जाने भए अध्ययन गर्ने कक्षा | शैक्षिक योग्यता | पेशा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. तपाईको शैक्षिक अवस्थाबारे केही बताउनु हुन्छ कि ?

३. तपाईको परिवारका आम्दानीको स्रोत के के हुन् ?

४. ती आम्दानीको स्रोत परिवारको लागि पर्याप्त छन् ?

५. के तपाईका छोराछोरीले विद्यालयबाट छात्रवृत्ति पाएका छन् ?

६. छोराछोरीले छात्रवृत्ति पाउँदा तपाईलाई कस्तो लाग्छ ?

७. तपाईका छोराछोरीले छात्रवृत्ति वापत कति रकम प्राप्त गरे ?

८. छोराछारीले प्राप्त गरेको छात्रवृत्ति रमक केमा खर्च गर्नुहुन्छ ?

९.छात्रवृत्ति बुझ्न तपाई आफैं जानुहुन्छ कि छोराछारीले नै बुझ्छन् ?

१०. छात्रवृत्ति पाएपछि तपाईका छोराछारीको पढाइमा सुधार भएजस्तो लाग्छ ?

११. तपाईको विचरमा वर्तमान छात्रवृत्ति कार्यक्रममा के कस्ता समस्याहरू छन् ?

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ६

## विद्यार्थी प्राप्ताङ्क सम्बन्धी उपलब्धि फारम

विद्यालयको नाम :-

| नियमित छात्रवृत्ति पाउने | विद्यार्थीको नाम | कक्षा | विषय | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | गणित | अंग्रेजी | विज्ञान/वातावरण | सि.अ.क. | स्वास्थ्य शारीरिक | सामाजिक | ऐच्छिक | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| नियमित छात्रवृत्ति नपाउने | विद्यार्थीको नाम | कक्षा | विषय | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | गणित | अंग्रेजी | विज्ञान/वातावरण | सि.अ.क. | स्वास्थ्य शारीरिक | सामाजिक | ऐच्छिक | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ७

## विद्यार्थीको दैनिक उपस्थिति रेकर्ड फाराम

| क.सं | महिना<br>विद्यालय खुलेको दिन<br>विद्यार्थीको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | परीक्षामा उपस्थित | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | केटा | केटी |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रिया

## अनुसूची : ८

## विद्यार्थीहरूको शैक्षिक तथ्याङ्क फाराम

विद्यालयको नाम :-

जिल्ला :- गा.पा. :

वडा नं.:- कक्षा :-

| क्र. सं. | विद्यार्थीको नाम | उमेर | अघिल्लो कक्षाको स्थान (क्रम) | अघिल्लो कक्षाको प्राप्ताङ्क | अ.क्रि.मा सहभागिता | अघिल्लो कक्षा चढ्दा लागेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अ.क्रि.= अतिरिक्त क्रियाकलाप